# पाप्माखाम गढी, दुब्देङ ओडार र मौखिक परम्पराको ऐतिहासिक अध्ययन

रामप्रसाद राई गाउँपालिका, भोजपुरका लागि तयार गरिएको

अध्ययन प्रतिवेदन

अनुसन्धाता
भोगीराज चाम्लिङ

मोबाइल नं. : ९८५१०३८९३५
Email: chamlingbhogi2@gmail.com
२०८०

# आभार

संघीयताको सौन्दर्य यो हो कि आफ्नो आवश्यकताअनुसार आफैले निर्णय गरेर काम अगाडि बढाउन सम्भव छ । यही कारणले स्थानीय तहमार्फत् इतिहास, संस्कृति, भाषा र शिक्षामा उल्लेख्य अनुपातमा काम भइरेहका छन् । अवश्य पनि ती सप्पै काम कसीमा राखेर हेर्दा उन्नत नहोलान् तर परिमाणबाट गुणमा विकास हुने भएकोले धेरै संख्यामा काम हुनु नै पहिलो उपलब्धि हो ।

'पाप्माखाम गढी, दुब्देङ ओडार र मौखिक इतिहाससम्बन्धी ऐतिहासिक अध्ययन' शीर्षकमा गरिएको यो अध्ययनले रामप्रसाद राई गाउँपालिकाको एउटा कालखण्डमाथि प्रारम्भिक प्रकाश पारेको छ । फेरि यो अध्ययन विशुद्ध प्राज्ञिक कर्मका रुपमा मात्र नभएर संरक्षण र विकासका लागि गरिएको सांस्कृतिक इन्जिनियरिङ पनि हो । त्यसैले, पाप्माखाम गढी र दुब्देङ ओडारको संरक्षण र विकासको खाका पनि प्रस्ताव गरिएको छ । विकास संस्कृतिमैत्री हुनुपर्छ, विकास इतिहासमैत्री हुनुपर्छ जसका लागि भौतिक इन्जिनियरिङभन्दा पहिला यसप्रकारको सांस्कृतिक इन्जिनियरिङ महत्वपूर्ण हुन्छ । त्यसका लागि खुल्ला सांस्कृतिक संग्रहालयको अवधारणा अवलम्बन गर्न सकिन्छ जसलाई यो अध्ययनले सैद्धान्तिक आधारका रुपमा लिएको छ ।

पाप्माखाम गढी र दुब्देङ ओडारसम्बन्धी यो अध्ययनले महत्वपूर्ण नयाँ तथ्यहरु उजागर भएको छ । त्यसका लागि पूर्वअध्येयताहरुको अध्ययन एउटा खम्बाका रुपमा रहेको छ । कतिपय सन्दर्भमा पूर्वअध्ययनहरुमाथि पनि आलोचनात्मक छलफल चलाइएको छ । कतिपय विषय चाहिँ थप अध्ययन गर्नुपर्ने देखिएको छ । जेहोस्, यो अध्ययनले पाप्माखाम गढी र दुब्देङ भीरको संरक्षण, विकास र प्रवर्द्धनका लागि आधारभूत रुपमा मार्गदर्शन गर्ने छ भन्ने विश्वास छ ।

सर्वप्रथम यो अध्ययनको महत्वबोध गरेर मौका दिनुहुने गाउँपालिका अध्यक्ष थामबहादुर राई 'निर्माण'प्रति हार्दिक आभार व्यक्त गर्दछु । पुलको काम गरिदिनुहुने नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईप्रति पनि उत्ति नै आभार भन्न चाहन्छु ।

मेरा आदरणीय मित्र चन्द्रकुमार राई 'हतुवाली'को साथ थिएन भने यो काम त्यति सहज रुपमा सम्पन्न हुने थिएन । राजन समीप, दीपक बान्तावा, अमित चाम्लिङहरुको सहयोग उत्तिकै महत्वपूर्ण रहेको छ । स्रोतव्यक्तिहरुप्रति एकमुष्ठ आभार व्यक्त गर्न चाहन्छु । कर्मचारी मित्रहरुको सहयोगप्रति पनि नतमस्तक छु ।

# विषयसूची


*अध्याय १* *पृष्ठ*

**परिचय** **५-८**

१.१ पृष्ठभूमि ५

१.२ महत्व ६

१.३ शोधविधि ६

१.४ सैद्धान्तिक कुरा : खुल्ला सङ्ग्रहालय ७

१.५ प्रतिवेदन ८

*अध्याय २*

**प्राप्त तथ्य** **९-२९**

**२.१ पाप्माखाम गढी** **९**

क. नाम ९

ख. भौगोलिक अवस्थिति र भग्नावशेष १०

ग. जग्गा र बस्ती १५

घ. मौखिक परम्परामा जीवित इतिहास १६

**२.२ दुब्देङ भीर** **२१**

क. समाज २१

ख. दुब्देङहाङ २२

ग. पुरातात्विक वस्तु (१) : कट्टी, माटाको भाँडो र मालाहरु २४

घ. पुरातात्विक वस्तु (२) : माटाका भाँडाका टुक्राहरु २५

ङ. टुँडिखेल २६

च. दुब्देङ ओडार र चिहान २७

छ. ताराखेत २८

ज. नागा (किराती ?) चिहान २८

*अध्याय ३*

**छलफल** **३०-३५**

**३.१ पाप्माखाम गढी** **३०**

क. नाम ३०

ख. सुरक्षाचौकी ३०

ग. सेनापति बदलसिं ३२

घ. लुहुनछा कि सुच्चा ? ३३

ङ. स्थानीय स्वायत्तता र गणतान्त्रिक अभ्यास ३४

च. प्राचीन इतिहास : गोल्मा राजा, गोल्मा रानी ३४

छ. प्रागइतिहास : पालुङ्गा अर्थात् नागा किरात (!) ३५

३.२ दुब्देङ भीर ३६
क. दुब्देङहाङ : पृथ्वीनारायण शाहभन्दा अघि कि पछिका ? ३६
ख. तत्कालीन विकास ३८
ग. दुब्देङ घर ३८
घ. जीविका : कृषि र शिकार ३८
ङ. माटाका भाँडा र मानव बसोबास ३९

*अध्याय ४*

**संरक्षण** **४१-४६**
४.१ पाप्माखाम गढी ४१
४.२ दुब्देङ भीर ४४

*अध्याय ५*

**निचोड** **४७**
५.१ पाप्माखाम गढी ४७
५.२ दुब्देङ भीर ४८

**परिशिष्ट १** **४९-५९**

अटल रायका नामबाट जारी दुई ऐतिहासिक कागज ४९
नर्सिं राई (कटुन्जे)का नाममा जारी लालमोहर ५१
पाप्माखाम गढी संरक्षणसँग सम्बन्धित केही कागजपत्रहरु ५२

**सन्दर्भसामग्री** **५९**
**कुराकानी** **६०**

*अध्याय १*

# परिचय

## १.१ पृष्ठभूमि

प्राचीन कालदेखि किरातीहरु बसोबास गर्दै आएको मानिने पूर्वी पहाडहरुमा गढीका संरचना अहिले पनि भग्नावशेषका रुपमा रहेका छन् । सेन शासनकालमा यही गढीबाट स्थानीय किरात राई 'राजाहरु'ले शासन सञ्चालन गर्थे । पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तार गर्ने क्रममा विजय गरेपछि यी गढीहरु भग्नावशेषमा परिणत भएका छन् ।

सम्भवतः सेनकालदेखि वल्लो किरात, माझकिरात र पल्लो किरातका रुपमा बुझ्न थालिएको यो भूगोलमध्ये राईहरुको बसोबास यी तीनवटै भूभागमा रहेको छ । वल्लो किरातमा पर्ने ओखलढुंगा र सोलुखुम्बुदेखि पल्लो किरातमा पर्ने संखुवासभासम्म किरात राईहरुको बसोबास रहेको छ । किरात राईहरु बसोबास गर्ने यो क्षेत्रमा मात्रै लगभग पाँच दर्जन हाराहारी गढीहरु रहेका छन् । ओखलढुंगा जिल्लामा तोलोवा (तलुवा)गढी, बुङ्नामगढी, च्यानामगढी, चिसंखुगढी रहेका छन् । सोलुखुम्बु जिल्लामा ओगानेम गढी रहेको छ । धनकुटामा सागुरीगढी, बुढीमोरङगढी छन् । उदयपुरमा चौदण्डीगढी, उदयपुरगढी र बेलकागढी रहेका छन् । संखुवासभामा रेवाहाङगढी, चैनपुरगढीलगायत छन् । तुलनात्मक रुपमा खोटाङ र भोजपुर जिल्लामा गढीहरुको संख्या बढी रहेका छन् । खोटाङ जिल्लामा च्यास्मीगढी, हलेसीगढी, खाम्तेलगढी, सहदेवगढी, खिल्कुगढी, चिनागढी, राखा-बाङ्देलगढी (रावागढी), डुम्रेकोटगढी, केपिलासगढी, मझुवागढी, खोटाङगढी रहेका छन् । भोजपुरमा चेवाङगढी, याङपाङगढी, देउरालीगढी, दिङ्लागढी, कुलुङगढी, पौवागढी, सिद्धिकोटगढी, खिखामगढी, सिक्तेलगढी, साम्सोहाङगढी, पाप्माखामगढी, आम्चोकगढी, हिमाङगढी, सानोदुङ्मागढी रहेका छन् (चाम्लिङ र राई, २०७४) ।

यी गढीहरु स्थानीय शासनका केन्द्रहरु त थिए नै त्यसबाहेक तत्कालीन अवस्थाका स्थानीय स्वायत्तताका अभ्यास पनि थिए । सेन राजाहरु मकवानपुर, चौदण्डी र विजयपुरका भावर क्षेत्रमा बसेर पहाडतर्फ शासनका लागि राजकीय प्रतिनिधि नियुक्त गरेका हुन्थे । त्यस्ता प्रतिनिधिमा खोटाङमा चतमे राय र भोजपुरमा अटल रायले चौदण्डीका सेन राजाका तर्फबाट स्थानीय गढीहरुका किरात 'राजाहरु'उपर नियन्त्रण गर्दथे । यी दुईजनाका बारेमा पृथ्वीनारायण शाहका पूर्वी अभियानमा खटिएका कप्तान धोकलसिं बस्न्यातले स्थापना गरेको शिलालेखमा उल्लेख गरेका छन् । बस्न्यातले अटल रायलाई 'पामाखोला'का भनेर उल्लेख गरेका छन् (आचार्य, २०६१) । सम्भवतः पामाखोला भनेर पाप्माखामगढीलाई नै संकेत गरिएको हुनसक्छ । पाप्माखाम गढीका बारेमा स्थलगत अध्ययनकार्य पनि भएको छ । कमलजंग राई (२०७४)ले गरेको उक्त अध्ययनले पाप्माखाम गढीको नामकरण, संरचना, पृथ्वीनारायण शाहसँगको युद्धलगायतका विषयमाथि केन्द्रित रहेको छ । यी पूर्वअध्ययनहरुले गढीका बारेमा आधारभूत जानकारी दिएका छन् ।

पाप्माखाम गढीको संरक्षण गर्न २०६६ साल गढीलाई घेरेर सुख्खा ढुंगाको गोलाकार पर्खाल पनि लगाइएको छ । यद्यपि अध्येता कमलजंग राई (२०७४)ले भनेझैं भौतिक संरक्षण मात्रै पर्याप्त नहुने भएकोले तथ्यपरक खोजअनुसन्धान गर्नु पनि जरुरी हुन्छ । त्यसका लागि यी उपलब्ध पूर्वतथ्यहरुलाई थप मजबुत बनाउन, त्यसउपर छलफल गर्न र थप अध्ययन गर्नुका साथै गढी संरक्षण र पवर्द्धनका सम्भावित कार्ययोजना निर्माण गर्न यो अध्ययन जरुरी गरिएको हो । स्थलगत रुपमा गरिएको यो अध्ययनले मौखिक परम्पराका रुपमा रहेका

इतिहासका नवीन तथ्यहरु उजागर गरेको छ । पूर्वअध्ययनहरुलाई थप तथ्यहरुसहित प्रमाणित गरेको छ । केही तथ्यहरुउपर आलोचनात्मक विमर्श गरेर सही तथ्यहरु प्रकाश पारेको छ । त्यस्तै, संरक्षणका केही ठोस योजनाहरु प्रस्तुत गरेको छ ।

## १.२ महत्व

यो अध्ययन विशुद्ध प्राज्ञिक उद्देश्य पूर्तिका लागि मात्रै गरिएको नभएर संरक्षण र विकाससम्बन्धी हाम्रा स्थापित बुझाइलाई सच्याउने हिसाबले पनि गरिएको हो । त्यसैले, यो अध्ययनको आफ्नो विशिष्ट महत्व पनि रहेको छ-

एक, हाम्रा सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरु अथवा त्यस्तो क्षेत्रमा काम गर्दा कम संवेदनशिलता देखिने गरेको छ । यही कारण स्थानीय र सरकारका बीचमा अन्तरविरोध र झडपसमेत हुने गरेको छ । अर्कोतिर, विकासका नाममा ऐतिहासिक-सांस्कृतिक सम्पदाहरुमाथि धावा बोल्ने समस्या पनि छ । तेस्रो कुरा, संरक्षणका नाममा पनि ऐतिहासिक-सांस्कृतिक सम्पदाहरु असुरक्षित हुँदै छन् । यस्ता समस्याहरु निराकरण गर्न संरक्षण या विकास गर्नुपर्ने सांस्कृतिक-ऐतिहासिक सम्पदाहरुको पहिला अध्ययन गर्ने अनि प्राप्त यथार्थहरुका आधारमा विकास या संरक्षणको कार्ययोजना निर्माण गर्नु उपयुक्त हुन्छ । त्यही उद्देश्यका साथ यो अध्ययन गरिएको हो । यसलाई सांस्कृतिक इन्जिनियरिङ भन्न सकिन्छ ।

दुई, यो अध्ययनले पाप्माखाम गढी र दुब्देङ भीरसम्बन्धी यसअघि भएका अध्ययनहरुका अपूर्णतालाई धेरै हदसम्म पूर्णता दिएको छ ।

तीन, समाजमा प्रचलित मौखिक ज्ञानप्रणालीका रुपमा जीवित रहेका तथ्यहरुका आधारमा यी दुई ऐतिहासिक सम्पदाको संरक्षण, विकास र प्रवर्द्धनको लागि संस्कृति, इतिहास तथा प्रकृतिमैत्री खाका पनि प्रस्ताव गरेको छ ।

## १.३ शोधविधि

पाप्माखाम गढी र दुब्देङ भीरसम्बन्धी यो अध्ययन तीन चरणमा सम्पन्न गरिएको थियो । पहिलो चरणमा पूर्वप्रकाशित साहित्यहरु अध्ययन गरिएको थियो । ती अध्ययनहरुले स्थलगत अध्ययनका लागि आधार तय भएको थियो र अनुसन्धान योजना निर्माणमा सहयोग पुगेको थियो । बाबुराम आचार्य, कमलजंग राई र चन्द्रकुमार राईका अध्ययनहरु उपयोगी सावित भएका थिए । अझ चन्द्रकुमार राईको अध्ययनले त स्रोतव्यक्तिहरु छनौट गर्नसमेत सहयोग पुगेको थियो ।

दोस्रो चरणमा स्थलतगत आधारमा स्रोतव्यक्तिहरुबाट सूचना संकलन गरिएको थियो । स्थलगत अध्ययनका लागि रामप्रसाद राई गाउँपालिकाको स्थाननाम अध्ययनका क्रममा चन्द्रकुमार हतुवालीले कुराकानी गरेका स्रोतव्यक्तिहरुसँग सर्वप्रथम कुराकानी गरिएको थियो । ती स्रोतव्यक्तिहरुमार्फत् अन्य जानकार पुर्खाहरु, सम्बन्धित स्थान र वस्तुहरुसम्बन्धी सूचना प्राप्त गरिएको थियो । इतिहाससँग सम्बन्धित अध्ययन भएको हुनाले स्रोतव्यक्ति छनौट गर्दा मूलभूत रुपमा पाको पुस्ताका पुर्खाहरुलाई प्राथमिकतामा राखिएको थियो ।

त्यसबाहेक युवा उमेरकै भए पनि राम्रा स्रोतव्यक्तिका शाखासन्तानहरुलाई दोस्रो प्राथमिकतामा राखिएको थियो । तेस्रो प्राथमिकतामा आधुनिक शिक्षाप्राप्त व्यक्तिहरुलाई राखिएको थियो ।

पाप्माखाम गढी र दुब्देङ भीर दुवैका हकमा बस्ती टाढाटाढा रहेको हुनाले सामूहिक छलफल व्यवहारिक हुने स्थिति थिएन । अर्को कुरा कतिपय स्रोतव्यक्तिहरुका वयोवृद्ध उमेरका पनि हुनुभएकोले एकै स्थानमा सामूहिक छलफल सम्भव थिएन । त्यसैले हामीले स्रोतव्यक्तिहरुलाई व्यक्तिगत रुपमै भेटेर कुराकानी गर्ने नीति अवलम्बन गरेका थियौं । संघीयताका कारण अधिकारसम्पन्न स्थानीय तहहरु भएको हुनाले हरेक टोलमा सडकको ट्र्याक पुर्‍याइएको हुनाले यात्राका लागि चाहिँ मोटरसाइकल प्रयोग गरिएको हुनाले स्रोतव्यक्तिहरुसँगको भेटघाट र स्थलगत अवलोकन सहज र छिटोछरितो भइदियो । केही स्रोतव्यक्तिहरुसँग चाहिँ स्थलगत अध्ययनबाट फर्किएपछि काठमाडौंमै कुराकानी गरेका थियौं ।

गाउँका स्रोतव्यक्तिहरु औपचारिकभन्दा अनौपचारिक कुराकानीमै बढी खुल्ने भएकोले आम रुपमा गाउँघरमा गफ गरेजस्तै गरी कुराकानी गरेका थियौं । त्यसबाहेक हिँड्दाहिँड्दै, थाकेर बिसाएको बेला र अवलोकनलाई पनि हामीले कुराकानीमा परिणत गरेका थियौं । घरमा पुगेर गरिएका कुराकानी पनि उसैगरी अनौपचारिक वातावरणमै गरेका थियौं । हामीले स्रोतव्यक्तिहरुसँग कुराकानी होइन गफ गरेजस्तो गरेर सूचना संकलन गरेका थियौं ।

पाप्माखाम गढी र दुब्देङ भीरसँग सम्बन्धित कतिपय कागजपत्रहरु पनि स्क्यान गरेर संकलन गरेका थियौं । यसका लागि हातमा या झोलाको सानो गोजीमा बोक्न मिल्ने एक फिट लम्बाइको सानो हाते स्क्यानर बोकेका थियौं । त्यसले केही कागजपत्र स्क्यान गरेर संकलन गरेका थियौं । सानो सोनी क्यामेराले आवश्यक तस्बिरहरु खिचेका थियौं । र, पुलिक मालाहरुका बारेमा स्थानीयहरुबाट कुराकानी सुन्न पाए पनि ती वस्तुहरु बिक्री गरिहालिने भएकोले त्यसको चाहिँ तस्बिरसम्म पनि खिच्न सम्भव भएन । यद्यपि दुब्देङ भीर क्षेत्रमा प्राप्त माटामा भाँडाका ससाना टुक्राहरु चाहिँ नमुनाका लागि संकलन पनि गरेका थियौं । साथै, तस्बिर पनि लिएका थियौं ।

संकलित सूचनाहरुलाई लिप्यन्तरण गरेर विषयअनुसार वर्गीकरण गर्दै अन्तिम विश्लेषणको काम गरिएको थियो । त्यस्तै पुरातात्विक महत्वका वस्तुहरु वैज्ञानिक पुरातात्विक उत्खननबाट प्राप्त भएको नभइ सतहबाट संकलन गरिएको हुँदा तुलानात्मक अध्ययनविधि प्रयोग गरेर विश्लेषण गरिएको छ । तेस्रो चरणमा चाहिँ प्रतिवेदन तयार भइसकेपछि सुझावहरु संकलन गरेर अन्तिम रुप दिइएको थियो ।

## १.४ सैद्धान्तिक कुरा : खुल्ला सङ्ग्रहालय

मानव इतिहासमा हजारौं वर्षपहिला पुर्खाहरुले गुफालाई बासस्थल मात्र होइन, खुल्ला चित्रशाला पनि बनाएका थिए । ५० हजार वर्षभन्दा पहिलाका मानव पुर्खाहरुले कोरेका ती चित्रहरु अहिले जीवन्त रहेका छन् । त्यसभन्दा पछाडि मानव पुर्खाहरुले खुल्ला स्थानका ढुंगाहरुलाई नै चित्र या मूर्ति कुँद्ने क्यान्भास बनाएका थिए । त्यस्तै मानवपुर्खाहरु खुल्ला स्थानमा विभिन्नथरि स्मृतिचिन्हहरु स्थापना गरेका थिए । ती कुनै पनि निश्चित घरभित्र जोगाएर राखिएका थिएनन्, खुल्ला स्थानमा निर्माण गरिएका थिए ।

आधुनिक ज्ञानविज्ञानको विकाससँगै मान्छेहरुले अलग्गै घर निर्माण गरेर ऐतिहासिक-सांस्कृतिक महत्वका वस्तुहरु संरक्षण गरी विशेष रुपमा प्रदर्शन गर्न सिके जसलाई संग्रहालय (म्युजियम) भनिन्छ । तर, सबै

सन्दर्भमा, सबै स्थानमा संग्रहालय-भवनभित्र ऐतिहासिक-सांस्कृतिक महत्वका वस्तुहरु प्रदर्शन गर्नु व्यवहारिक हुँदैन । जस्तो कि संग्रहालय निर्माण गर्नुभन्दा त्यसलाई टिकाउनु चुनौतीपूर्ण हुन्छ । कर्मचारी व्यवस्थापन, संग्रहालयका वस्तुहरु सुरक्षित गर्न लाग्ने प्राविधिक-व्यवस्थापकीय खर्च धान्ने गरी आम्दानी आर्जन गर्न सकिएन भने त्यो सेतो हात्तीबराबर हुने छ ।

अर्को कुरा, नेपाली समाज यति धेरै विविधतापूर्ण छ कि ती सबै कुरा संग्रहालय-भवनभित्र मात्रै संरक्षित गरेर प्रदर्शन र संरक्षण गर्न सकिँदैन । खासगरीकन मौखिक ज्ञान प्रणालीमा आधारित समाजका मूलभूत कुराहरु समेत संग्रहालय-भवनभित्र मात्रै सजाएर देखाउन असम्भव नै हुन्छ । मौखिक परम्परामा आधारित समाजमा खोलाखोल्सा, डाँडापाखा, वनजंगल, खेतबारीसँग पनि गहिरोसँग सम्बन्धित कथा र संस्कृति जोडिएका हुन्छन् जुन संग्रहालय-भवनभित्र संरक्षित गर्न असम्भव नै हुनेछ । त्यस्तै, ती कुराहरुलाई सांस्कृतिक सम्पदामा परिणत गर्न अनि पर्यटकीय आकर्षणमा परिणत गर्न संग्रहालय-भवनभन्दा मौलिक अवधारणामा जानैपर्दछ । त्यो भनेको खुल्ला संग्रहालयको अवधारणा हो ।

खुल्ला संग्रहालय भनेको जुन स्थानसँग जे कथा जोडिएको छ, जे सांस्कृतिक अभ्यास सम्पन्न गरिन्छ, तिनलाई भौतिकीकरण गर्ने मौलिक अवधारणा हो । सम्बन्धित खुल्ला स्थानमा सम्बन्धित कथा या सांस्कृतिक अभ्यासलाई धातु या ढुंगाका मूर्तिमा अनुवाद गर्ने अथवा धातु या ढुंगाका रिलिफ आर्ट (relief art) निर्माण गर्ने अथवा त्यस प्रकारका अन्य वस्तु या संरचना निर्माण गर्ने अवधारणा हो । पाप्माखाम र दुब्देङ भीर क्षेत्रमा पनि खुल्ला संग्रहालयको अवधारणालाई आधार बनाएर संरक्षण र विकासको कार्ययोजनाहरु प्रस्ताव गरिएको छ ।

## १.५ प्रतिवेदन

यो अध्ययन-प्रतिवेदनलाई सामान्यतया प्राज्ञिक अनुसन्धान लेखहरु तयार गर्दा अवलम्बन गरिने IMRAD ढाँचाअनुसार तयार गरिएको छ । सुरुमा पाम्पाखाम गढी र दुब्देङ भीरसम्बन्धी अध्ययनको परिचय (Introduction) दिइएको छ ।

दोस्रो भागमा यी दुई ऐतिहासिक स्थलहरुबारे सूचना संकलनका लागि अवलम्बन गरिएको अनुसन्धान विधि (Methodology) बारे चर्चा गरिएको छ ।

तेस्रो भागमा स्थलगत अध्ययनबाट प्राप्त तथ्य (Result) हरुलाई वैज्ञानिक रुपमा वर्गीकरण गरी समावेश गरिएको छ ।

चौथो भागमा प्राप्त तथ्यउपर छलफल र विश्लेषण (Discussion) गरिएको छ ।

पाँचौं भागमा पाप्माखाम गढी र दुब्देङ भीरको संरक्षण, विकास तथा प्रवर्द्धनसम्बन्धी कार्ययोजनाहरु प्रस्ताव गरिएको छ ।

पाँचौं भागमा अध्ययनको निचोड (Conclusion) समावेश गरिएको छ ।

*अध्याय २*

# प्राप्त तथ्य

## २.१ पाप्माखाम गढी

### क. नाम

स्थानीयहरुसँगको कुराकानीबाट स्पष्ट हुन्छ- पाप्माखाम नाम धेरै पहिलादेखि प्रचलनमा रहेको छ । अहिलेको जीवित पुस्ताका सबैले जिजुबाजेहरुको पालादेखि नै पाप्माखाम भन्ने गरिएको बताए । स्थलगत अध्ययनका क्रममा औसतमा ६० भन्दा माथि ७५ वर्षसम्म उमेर समूहका स्थानीयहरुसँग कुराकानी गर्दा सबैले जिजुबाजेका पालादेखि नै पाप्माखाम भन्ने गरेका बताए ।

स्थानीय स्रोतव्यक्तिहरुसँग गरिएको कुराकानीबाट पाप्माखाम नामकरण हुनुमा दुईवटा सम्भावना देखिएको छ- पहिलो, चिप्ले किरालाई बान्तावा भाषामा पापाप्मा भनिन्छ । त्यही शब्द अपभ्रंश भएर पाप्माखाम भएको हो । यस आधारमा भन्दाखेरि पाप्माखाम नाम चिप्लेकिरा पाइने भएकोले रहन गएको हो । दोस्रो, बान्तावा राई भाषामा कसैले खेद्दाखेरि भित्ता अठ्याउँदै भाग्नुलाई 'पापाबोम्पा' भनिन्छ । त्यसबाट अपभ्रंश भएर पाप्माखाम भएको हुन सक्छ । तर, कसले खेदेर भागेको भन्ने तथ्य चाहिँ प्राप्त हुन सकेन ।



पाप्माखाम गढीको भग्नावशेष स्थल, नजिकैका घरहरु र चार बाटो भेट हुने भञ्ज्याङ

यी दुईमध्ये पाप्माखाम नामकरण हुनुमा पहिलो सम्भावना चाहिँ तथ्यको धेरै नजिक रहेको छ । पाप्माखाम क्षेत्रमा अहिले पनि प्रशस्त चिप्लेकिरा पाइन्छ । गढीछेउमै स्थायी घर बनाएर विगत १० वर्षदेखि सपरिवार बस्दै आएकी माया दर्जीले अहिले पनि चिप्लेकिरा संकलन गरेर औषधिका रुपमा प्रयोग गर्ने बताइन् । उनले चिप्लेकिराको अण्डा पनि संकलन गर्ने गर्दछिन् । कुराकानीका क्रममा उनले यसो भनिन्-

> “पहिला राईहरुको भाषाबाट पाप्माखाम थियो । पहिला हाङहरु थियो । अहिले पाँच वर्ष भयो, म भत्ता पाउँदै छु । ६० वर्षदेखि भत्ता पाउँछ । श्रीमान् हुनुहुन्छ । नाम पूर्णबहादुर दर्जी । गाउँ चाहिँ कटुन्जे हो । यहाँ पाप्माखाम गढीनजिक बस्न थालेको दश वर्ष भो ।
>
> “पामाखाम किन भनेको हो, मलाई थाहा छैन । यहाँ चिप्लेकिरा पाइन्छ । साउनमा टिप्नुपर्छ चिप्लेकिरा । सुकाएर राख्छु । औषधि हुन्छ । ज्यान लडेको, वस्तुभाउ लडेको जम्मै निको हुन्छ । हड्डी दुखेको, घाँटी दुखेको, खुन पिलिएकोहरु फटाउने, छाती देखेकोमा ओखति हुन्छ । दमको बेथा (व्यथा)मा पनि काम गर्छ । घोटेर खानुपर्छ । दुधमा खानुपर्छ । त्यसै त के खान सकिन्थ्यो ? म ता अण्डा भेटैं भने स्वाट्टै खाइदिन्छु । म त दमको विमारी हो ।
>
> “काँचो चिप्ले किरा समातेर ल्यायो । जिउँदै सिन्का उन्यो । अनि छायाँमा सुकाएर राख्यो । त्यहीँ सुक्छ । एकजना कटुन्जेको राईले मागेको थियो र सुकाएर राखिदिएको थिएँ । तरहरामा बस्छ । यहाँ आको थियो अरे, म थिइनँ । लैजानै पाएन । यहीँ छ । म ता चिप्लेकिराको अण्डाहरु बोतलबोतलमा जम्मा गर्छु । चिप्लेकिराको अण्डा मसिनो कति राम्रो गोलो हुन्छ । ढुंगामुनि, घारीमा एक ठाउँमा चिप्लेकिराको अण्डा १५-२० दाना भेटिन्छ । जेठ महिनामा अण्डा भेटिन्छ । साउन-भदौमा बच्चा निस्किन्छ ।”

पाप्माखाम गढीनजिकै बसोबास गर्ने बान्तावा राईभाषी स्रोतव्यक्तिहरुले पनि साउन-भदौ महिनाताका पाप्माखाम क्षेत्रमा चिप्लेकिरा (पापाप्मा) बाटैभरि, पाखैभरि हुने भएकोले खुट्टा टेक्ने ठाउँ नै नहुने बताए । पाप्माखाम क्षेत्रमा बसोबास गर्नेहरुमा पापाम्पा (चिप्लेकिरा) औषधिका रुपमा प्रयोग हुने रैथाने ज्ञान पनि रहेको छ । उनीहरुले पनि चिप्लेकिरालाई औषधिका रुपमा प्रयोग गरिने बताए । उनीहरुले चिप्लेकिराको अण्डाले क्यान्सर पनि निको पार्ने, शारीरिक कमजोरी हटाएर तागत दिने, पेटमा गोलागानो (ग्यास्ट्रिक) निको पार्ने बताए ।

## ख. भौगोलिक अवस्थिति र भग्नावशेष

पाप्माखाम गढीले ओगटेको जमिन राजनीतिक विभाजनअनुसार भोजपुर र खोटाङ जिल्लाका दुईवटा गाउँपालिकामा पर्दछ । पानीढलोदेखि पूर्वतर्फ गढीको आधा भूभाग भोजपुरको रामप्रसाद राई गाउँपालिका, वडा नम्बर २ अन्तरगत र पानीढलोदेखि पश्चिमतर्फ आधा भूभाग खोटाङको खोटेहाङ गाउँपालिकाअन्तरगत पर्दछ ।

स्थलगत अध्ययनका क्रममा पाप्माखाम गढी पुग्दा देखिएको भौगोलिक र भौतिक अवस्थाबारे नै पहिला चर्चा गरौं । यो गढी रणनीतिक हिसाबले महत्वपूर्ण भञ्ज्याङमा अवस्थित छ । पाप्माखाम भञ्ज्याङबाट पूर्व, पश्चिम र दक्षिणतर्फ निकै टाढाटाढासम्म देख्न सकिन्छ । उत्तरतर्फ चाहिँ अग्लिँदै गएको थुम्का रहेको छ जहाँ अहिले ढुंगा र सिमेन्टको सिँढी बनाएको छ । सम्भवतः पाप्माखाम भञ्ज्याङ प्राचीनकालदेखि प्रचलित मूलबाटो हो । त्यही मूलबाटो पछ्याएर अहिले स्थानीय स्तरमा ग्रामीण सडकहरु निर्माण गरिएका छन् । उत्तर-दक्षिण र पूर्व-

पश्चिम दुवैतर्फ ट्रयाक खोलिएका सडक ठ्याक्कै पाप्माखाम गढी रहेको भञ्ज्याङमा भेट हुन्छन् । उत्तरतर्फबाट रामप्रसाद राई गाउँपालिका हुँदै भरेर दक्षिण आमचोक गाउँपालिकातर्फ जाने सडक र रामप्रसाद राई गाउँपालिका हुँदै पूर्वबाट पश्चिम खोटेहाङ गाउँपालिकातर्फ जाने सडक यही भञ्ज्याङमा भेट हुन्छन् ।

गढीको भग्नावशेष रहेको एउटा सानो क्षेत्रफलबाहेक वरिपरि खेतीपाती गरिएको जग्गा छ । गढीको भग्नावशेष भएभन्दा तलतिर चारवटा सुर्का (गरा) छन् जहाँ केही समयअघिसम्म खेती गरिन्थ्यो । तलबाट गन्दै ल्याउँदा चौथो गरा (सुर्का)पछि पाँचौं तहमा गढीको अवशेष छ । सबैभन्दा पहिलो सुर्कामा अहिले ढुंगाको सुख्खा गारो लगाएर गढीलाई दक्षिण-पश्चिम भागपट्टि घेरिएको छ । पूर्व-उत्तर भागपट्टि भने तारजालीले बारेर घेरा लगाइएको छ ।

गढीको भग्नावशेष भएको स्थानमा ढुंगाका ससाना दुईवटा थुप्रो छन् । एउटा थुप्रो गढीकै अवशेष रहेको पाँचौं तहमा उत्तरतर्फ रहेको छ भने अर्को थुप्रो चौथो सुर्कामा दक्षिणतर्फ रहेको छ । पाँचौं तहमा रहेको ढुंगाको थुप्रो गढीभन्दा ४ फिट टाढा छ । दक्षिणमा रहेको ढुंगाको थुप्रो २० फिट टाढा रहेको छ र छेउमा विजुलीको पोल गाडिएको छ । त्यही दुई थुप्रो ढुंगाको बीचमा गढीघरको जग देखिने केही ढुंगाको थुप्रो थियो । गढीको अवशेष रहेको जमिन पहिल्यैदेखि खेतीपाती नगरिएको बाँझो मैदानका रुपमा रहेको छ । त्यो सानो मैदानका छेउछाउमा अहिले पनि ढुंगाको केही जग देख्न सकिन्छ । जगमा थुप्रिएको ढुंगा गढीभन्दा मुनि सबैभन्दा पहिला दोकान (पसल) बनाउने जग्गाधनी (राई)ले प्रयोग गरेको एक स्रोतव्यक्तिले बताए । मैदानको पूर्व-पश्चिम लम्बाइ लगभग २९ फिट र उत्तर-दक्षिण लम्बाइ लगभग २९ फिट नै रहेको छ ।

गढीको दक्षिणतर्फ फेदमा जग्गाको पहिलो सुर्का (गरा)लाई खोटेहाङ गाउँपालिकातर्फ खनिएको कच्ची सडकले छोएको छ र सडक खन्दा भित्ता भत्किएर ढुंगाको सुख्खा पर्खाललाई छोएको छ । त्यस्तै ढुंगाको पर्खाल पनि पाँच स्थानमा भत्किएको छ । पर्खालको औसत उचाइ लगभग ५ फिट रहेको छ । त्यसमा गारोको उचाइ लगभग ३ फिट र २ फिटजति चाहिँ नयाँ गारो लगाइएको छ । पर्खालभित्र वनमारा घारी र केही उतीसका रुखहरु हुर्किएका छन् । बाँझो जमिनमा गाईवस्तुका गोबर, जंगली जीवजन्तुका सुख्खा दिशाहरु, चाउचाउका खोल र रक्सीका केही बोतलहरु छरपस्टिएका छन् ।



गराहरु देखिने गरी पाप्माखाम गढी

वर्तमान अवस्थामा जेजस्तो संरचना र अवस्था देख्न सकिन्छ, स्थानीय स्रोतव्यक्तिहरुले त्यसभन्दा अलि फरक अवस्थामा देखेको बताए । स्रोतव्यक्तिहरुले पहिला देख्दा गढीको भग्नावशेषभन्दा उत्तर र दक्षिणतर्फ रहेको ढुंगोको थुप्रो दुईतीन फिट अग्लो थियो । अहिले लगभग एक फिटमा सीमित हुन पुगेको छ । यसलाई स्थानीयहरुले चिहान हो कि भनेर पनि शंका गरे । तर, त्यो चिहानको आकारप्रकारका रुपमा रहेको छैन । त्यो खासमा के संरचना थियो भनेर स्थानीयहरुबाट यकिन कुरा आउन सकेन तर त्यो सुरक्षापोस्ट हुन सक्ने अनुमान चाहिँ गर्न सकिन्छ ।

ढुंगाको ती दुई थुप्रोको बीचमा धेरै पहिलादेखि नै खेती नगरिएकोजस्तो देखिने सानो चौर छ, जहाँ घरका जगजस्ता लाग्ने केही ढुंगाहरु बाँकी रहेका छन् । तर, हामीले कुराकानी गरेका स्थानीयहरुले त्यहाँ प्रस्टै घरको जग देखेका थिए । त्यहाँ लगभग मान्छेको घुँडासम्मको उचाइको गारो थियो । केही स्रोतव्यक्तिहरुले घरको जगको त्यो गारो गोलो देखेको बताए भने केही चारपाटे थियो भनेर बताए ।

पाप्माखम गढीको भग्नावशेषभन्दा उत्तरतर्फको ढिस्को (बायाँ) र दक्षिणतर्फको ढिस्को (दायाँ)

स्थानीय स्रोतव्यक्तिहरुको भनाइ यहाँ जस्ताको तस्तै पनि समावेश गरिएको छ जुन निम्न रहेको छ-

"हामीले पैला केटाकेटी छँदा हेर्दाखेरि त्यहाँ भत्केको ढुंगाहरु थुप्रिएको जस्तो थियो । सायद भग्नावशेष होला । कसैको चिहान हो कि भनेर पनि शंका गर्थ्यौं । पाप्माखाम गढीमा दुईतिर ढुंगाको सानो थुप्रो छ । त्यो हामीले थाहा पाउँदा दुईतीन फुट अग्लो थियो । हामीलाई मान्छेको चिहान हो कि जस्तो लाग्थ्यो । त्यो सायद बस्ने ठाउँ थियो । दुइटा थुप्रोको बीचमा पनि ढुंगाको थुप्रो नै थियो" *(ध्यान राई, कटुन्जे)* ।

"पाप्माखाम गढीमा हामीले थाहा पाउँदा गारो थियो । गारो भत्केको थियो । अलिअलि घेरा मात्रै थियो । गोलोगोलो घेरा थियो है" *(बुद्धिराज राई, होम्तोक)* ।

"पाप्माखाम गढीमा घरको जग चाहिँ थियो । सम्पत्ति गाडेको कि, चिनो लागेको के हो, त्यहाँ दुई थुप्रो ढुंगा छ । गढीमा जहाँ पनि दुई थुप्रो हुँदो रछ । घडेरीको जग अलिअलि नमुनाजस्तो थियो । चारपाटे थियो घरको जग" *(मालिकसिं राई, होम्तोक)* ।

"पैला त्यहाँ भग्नावशेष थिएछ । त्यहाँ ढुंगाको पर्खाल थियो अरे । ढुंगा थुप्रिएको थिएछ । त्यो थुप्रो चारपाटे नै थियो । माने उठाको जस्तो दुईतिर दुईवटा थुप्रो चाहिँ यथावत छ । आँगन जत्रो चारपाटे जग थियो । जगको ढुंगाहरु चाहिँ अझै छ । माथि चाहिँ केही पनि छैन । गोलो बनाको दुईतीन साल पैला मात्रै बस्ने ठाउँ बनाको हो । माथि त चौर मात्रै छ । त्यहाँ त केही पनि छैन" *(हिमाल राई, कटुन्जे)* ।

"पाप्माखाममा ढुंगा कटाइ चाहिँ हतुवाकै जस्तो थियो । तर, त्यो ढुंगाहरु अहिले पाइँदैन । म सानोमा हुँदा देखेको थिएँ । अँधेरीको क्षेत्रीहरुले बारीमा गारो लगाउन लगेको हुनाले सकियो । अहिले पर्खाल लगाएको भित्र किल्ला थियो" *(हिमालधन राई, होम्तोक)* ।

पाप्माखाम गढीको भौतिक अवस्था (भग्नावशेष)का बारेमा अध्येता कमलजंग राईले स्थलगत रुपमा संकलन गरेको सूचना यस्तो रहेको छ-

"व्यक्ति अतिक्रमण हुनुपूर्व खण्डहर अवस्थामा रहेको गढीको सन्दर्भलाई लिँदा गढीको मुख्य भागमा गहिरो खाडल खनिएको थियो र खाडलवरिपरि पर्खाल लगाइएका भेटिन्थे भने उक्त प्रकारको गोलाकार पर्खाललाई ६ भागमा विभाजित गरी निश्चित दूरीको हिसाबमा ढुंगा, माटोमिश्रित ६ वटा सेन्ट्री बस्ने केही अग्लो ढिस्का निर्माण गरिएको पाप्माखाम गढी थियो भनेर प्रत्यक्षदर्शीहरुले बताउने गरेका छन्" (२०७४, पृ. १०६) ।

गढीको भग्नावशेषका रुपमा बाँकी रहेको जमिन ज्यादै थोरै छ । घरको जगबाहेक मुनितिरका सबै जग्गा निजी बनाइएको छ । यद्यपि एकजना स्थानीयले जग्गा अतिक्रमण गर्नाले गढीको घरको जगको भग्नावशेष मात्रै बाँकी रहन पुगेको र संरक्षणका नाममा पर्खाल लगाउँदा गढीको भग्नवाशेषका ढुंगा प्रयोग गर्दा पनि नष्ट हुन पुगेको अध्येता कमलजंग राईले उल्लेख गरेका छन्-

"पाप्माखाम गढी क्षेत्र अतिक्रमण हुँदैजाँदा गोपाल बस्नेत नाम गरेका व्यक्तिले आफ्ना नाममा पाप्माखाम गढी क्षेत्रलाई दर्ता गरी आवाद गर्दै लगेका थिए । यसरी गढी क्षेत्र आवाद गर्ने क्रममा सो गढी क्षेत्रको पर्खाल र चारवटा सेन्ट्री बस्ने ढिस्कोसमेत भत्काई बारी बिराउने काम भयो...

"...गढी क्षेत्रको व्यक्ति अतिक्रमण हुँदा गोपाल बस्नेतले बारी बिराउने क्रममा गढीका ढुंगाहरुजति नष्ट गरेका थिए । त्यसभन्दा धेरैगुणा गढी संरक्षण गर्ने सन्दर्भमा गढीका ऐतिहासिक पाप्माखाम गढीको भग्नावशेषलाई परोक्ष ढंगबाट समाप्त गर्दै लगिएको संकेत पाइन्छ । यसरी परोक्ष ढंगबाट गढी ढुंगा नष्ट गरिनुपर्ने अन्य कारणमध्ये गढीलाई घेराबार लगाउँदा अन्य क्षेत्रबाट ढुंगा ल्याउन सम्भव थिएन । तसर्थ गढी क्षेत्रकै ढुंगाहरुबाट पर्खा लगाई घेराबार गर्नुपर्ने निष्कर्ष गढी निर्माण समितिको रह्यो" (२०७४, पृ. १०६-१०७) ।



पाप्माखाम गढीको दक्षिणतर्फ लगाइएको पर्खाल

गढीको सुरक्षाका लागि लगाइएको ढुंगाको पर्खाल केही वर्षअघि मात्रै लगाइएको हो । गढीछेउमै घर भएकी माया दर्जीले भनिन्- “गारो लगाउनुभन्दा पहिला गढीको टापु मात्रै खालि थियो । क्षेत्रीहरुको जग्गा हो । मेरी नातिनी १४ वर्षको छ, यो गारो त्योभन्दा एक वर्षअगाडि लगाको थियो । यो गारो लगाको १५ वर्ष भयो । यहाँ लगाको पर्खाल पानीले लडेको हो । यहाँ काम गरेको ढुंगामा लेखेको थियो, त्यो तलको घरकाले राखेको होला ।”

माया दर्जीले भनेको शिलालेख एकलव्य राईले सुरक्षित राखेका छन् । त्यसमा पर्खाल निर्माण २०६६ सालमा सम्पन्न भएको उल्लेख छ । स्थानीय स्रोतव्यक्तिहरुका अनुसार पर्खाल निर्माणका लागि आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा उपाध्यक्ष हुँदा जितपाल किरातीले पनि डेढ लाख रुपैयाँ रकम अनुदान सहयोग उपलब्ध गराएको तथा श्री सुच्चा राई कल्याणकारी समाजको सक्रियतामा आर्थिक सहयोग जुटाइएको थियो *( हेर्नुहोस् परिशिष्ट ३)* । ऐतिहासिक पाप्माखाम गढी किरात राईहरुको मात्र नभएर त्यस क्षेत्रमा बसोबास गर्ने सबै जातजातिको साझा सम्पदा भएकोले सबैको सहभागितामा पर्खाल लगाइएको थियो । पर्खाल निर्माणका लागि पाँच ब्लक (खण्ड)मा विभाजन गरेर एक खण्ड होम्तोक गाउँका बान्तावा, दोस्रो खण्ड कटुन्जेका बान्तावा, तेस्रो खण्ड क्षेत्री, चौथो खण्ड तामाङ र पाँचौं खण्ड शेर्पालाई भाग लगाइएको थियो । तर, शेर्पाहरुले निर्माण गर्न नसकेको कारण त्यो खण्ड पनि क्षेत्रीहरुले नै निर्माण गरेका थिए । यसबारे पर्खाल निर्माण उपभोक्ता समितिका अध्यक्ष बुद्धिराज राई (होम्तोक)को भनाइ यस्तो रहेको छ-

> “अहिले पर्खाल लगाएर घेरा लगाको छ नि, त्यो हामी गाउँलेहरुले गारो लगाको हो । गढीको ढुंगा त्यही घर बनाउनेहरुले झिके, घरमा गारो लगाए होला । गोरखा मेजर इच्छाबहादुर राईको कार्यकालमा हामीले पाप्माखाम गढीमा गारो लगाको हो । मै हो गारो लगाउने समितिको अध्यक्ष । मलाई साह्रो आपत खेलायो । सबैको गढी हो भनेर पाँच ब्लक बनाको । शेर्पाले बनाइदिएन । क्षेत्रीलाई एक बलक (ब्लक) । तामाङलाई एक बलक । कटुन्जे एक बलक । हाम्रो होम्तोकको एक बलक । धन्ना क्षेत्रीहरुले दुई ब्लक

बनाइदियो । पर्खाल लगाको ठाउँमा पुरानो जग थिएन । त्यो बनाउने अध्यक्ष मै हो । लामाकको हिमाल राई सचिव हो ।”

## ग. जग्गा र बस्ती

बस्तीका हिसाबले भञ्ज्याङबाट दक्षिणतर्फ अलि माथि थोरै घर भएको अँधेरी गाउँ पर्दछ । पूर्व-दक्षिणतर्फ लगलाङ्पा, होम्तोक गाउँ र नागछाँगाहरु पर्दछ भने पूर्वतर्फ अलि पर कटुन्जे गाउँ रहेको छ । उत्तरतर्फ चाहिँ पूरै बाँझो डाँडा रहेको छ । गढीभन्दा केही पर रहेका बस्तीमा बान्तावा राई, तामाङ, क्षेत्रीलगायतका जातजातिहरुको बस्ती रहेको छ ।

गढीवरिपरि होम्तोकका बान्तावा राई र क्षेत्रीहरुको निजी जग्गा रहेको छ । क्षेत्रीहरुको जग्गा खोटेहाङ गाउँपालिकातर्फ रहेको छ भने राईहरुको किपटिया जग्गा रामप्रसाद राई गाउँपालिकातर्फ पर्दछ । र, अहिले गढीवरपर निर्माण भएका घरहरु किपटिया जग्गामा बनेका हुन् । किपटिया राईहरुले 'रैती' राख्ने क्रममा त्यस क्षेत्रमा तामाङरुको बस्ती सुरु भएको स्थानीय स्रोतव्यक्तिहरुको भनाइ छ । लगभग ६० वर्षपहिले गढीभन्दा मुनि होम्तोकका जग्गाधनी भक्तबहादुर राईले दोकान (पसल) घर निर्माण गरेका थिए । उनले बेचेको जग्गामा अहिले ७ वटा पसलघर निर्माण भएका छन् र दुईवटा साना घरहरु चाहिँ सार्वजनिक जग्गामा निर्माण भएको छ जुन दश वर्षजति पहिला बनाइएको हो । यसबारे स्रोतव्यक्ति हिमाल राई (कटुन्जे)को भनाइ यस्तो छ-

> “साठी-पैंसठ्ठी वर्षपहिला गढीभन्दा मुनि होम्तोकको एकजना बाजेले दोकान बनाउनुभो । त्यो सबैभन्दा पुरानो दोकान थियो । त्यो होम्तोककै बाजेहरुको जग्गा थियो । त्यो पसल बनाको मलाई पनि अलिअलि याद छ । म सानै थिएँ । त्यो बाजेको नाम भक्तबहादुर राई (घैंटे बाजे) हो । पसलको जग्गा मात्रै राखेर बाँकी जग्गा वहाँले बेच्नुभो । अहिले बनेका पसलहरु वहाँले नै बेच्नुभाको जग्गामा बनेको हो । लगभग नौ-दश वर्षअघिसम्म त्यहाँ भक्तबहादुर बाजेको पसल मात्रै थियो । त्यसयता मात्रै पसलहरु बनेको हो । एकालव्य राईहरु बसेको पसल चाहिँ सार्वजनिक जग्गामा बनेको हो । गढीछेउमा अहिले दमैको घर, तल्तिर राजकुमारको घर, उदिमहरुको घर, सानी फुपूको घर, सानी फुपूको दाइको घर, उदिमको भाइको घर र हामी हिजो भेट भाको होटल गरेर सातवटा पसलघरहरु छ । यो धनीपूर्जावाला जग्गामा बनाको घरहरु हो । एकालव्यको पसल र एउटा थोत्रो घर चाहिँ सरकारी जग्गा हो । सरकारी जग्गामा घर बनाको पनि दशबाह्र वर्ष भो । बाजेले जग्गा बेचिसकेपछि तामाङले सम्याएर घडेरीहरु बनाको हो ।”

माया दर्जीको भनाइ पनि यस्तै रहेको छ । उनीहरुले तामाङबाट जग्गा लिएर त्यहाँ घर बनाएर बस्न थालेको त्यस्तै दशबाह्र वर्ष भयो । उनले पनि तामाङभन्दा पहिला त्यो जग्गा राईहरुको भएको बताइन् ।



पाप्माखाम गढीवरिपरि निर्माण गरिएका घरहरु

गढीभन्दा मुनिका खेती गर्ने गरिएका जग्गा चाहिँ क्षेत्रीहरुको स्वामित्वको जग्गा हो । त्यहाँ कोदो, मकै, आलु खेती गरिन्थ्यो । गढीको जगसँग जोडिएको कम उब्जाउ हुने गरा (सुर्का)मा चाहिँ फिलुङ्गे खेती गरिन्थ्यो । बान्तावा राईहरुले सामुदायिक रुपमा पैसा संकलन गरेर त्यो जग्गा गोपाल बस्नेत र गजुरमान बस्नेतबाट खरिद गरी ढुंगाको पर्खाल लगाएका हुन् । गढीको भग्नावशेषभन्दा मुनि लामो चार गरा (सुर्का) जग्गामध्ये आधा भाग ओगटेर पर्खा लगाइएको छ तर त्यो जग्गा नामसारी नगरिएको कारण ठ्याक्कै कति क्षेत्रफल खरिद गरेर पर्खाल लगाइएको हो भन्ने चाहिँ यकिन गरिएको छैन । यसबारे हिमाल राई (कटुन्जे)को भनाइ यस्तो रहेको छ-

> "यो गढी नै हो भन्ने भएपछि संरक्षण गर्नतिर लागियो । गढीवरिपरिको जग्गाहरु बस्नेतहरुको हो । यति चाहिँ किन्नुपर्छ भनेर किन्यौं । एकजनाको ४ हजार, एकजनाको २ हजार रुपैयाँ दिएर किनेको हो । जग्गा पास चाहिँ भएको छैन । एउटा गोपाल बस्नेत, अर्को चाहिँ गजुरमान बस्नेत हो । ठाडो कागज बनाको थियौं, त्यो ध्यानबहादुर काका (राई)ले राख्नुभाको छ । वहाँ कोषाध्यक्ष हुनुहुन्थ्यो । अनुमानित भनेर जग्गा लियौं । क्षेत्रफल यति हो भनेर तोकेको छैन ।"

## घ. मौखिक परम्परामा जीवित इतिहास

मौखिक परम्पराका रुपमा जीवित रहेका इतिहासका केही तथ्यहरु स्थानीय स्रोतव्यक्तिहरुबाट प्राप्त भएका छन् । ती इतिहासका नयाँ तथ्य उजागर गर्न तथा इतिहासलाई केलाउन, प्रमाणित गर्न या खण्डन गर्न सहयोगी हुने देखिएका छन् । यद्यपि ती अत्यन्तै संक्षिप्त र सांकेतिक मात्र रहेका छन् जुन निम्नअनुसार छन्-

## i. सुरक्षाचौकी

पाप्माखामलाई आम रुपमा गढी मानेर 'पाप्माखाम गढी' भनेर सम्बोधन गर्ने गरिएको छ । केही प्रकाशित सामग्रीहरुमा पनि पाप्पाखाम गढी भनेर नै उल्लेख गरिएको छ । तर, खासमा यो गढी हो या सुरक्षापोस्ट हो ? स्थानीय विज्ञ स्रोतव्यक्तिहरुले पाप्माखाम गढीभन्दा पनि सुरक्षापोस्ट हुन सक्ने सम्भावना औंल्याएका छन् । उनीहरुको मतलाई निम्नअनुसार बुँदागत रुप दिइएको छ-

एक, गढीमा पहिला अटलसिंले स्थापना गरेको चौकीघर थियो ।

दुई, पाम्पाखाम त 'सेन्ट्रीपोस्ट' मात्रै हो जस्तो देखिन्छ । गढीमा थोरै मान्छे मात्रै अटाउने सानो क्षेत्रफल छ ।

तीन, पाप्माखाममा ठूलो संरचना केही थिएन तर त्यो रणनीतिक स्थान हो । त्यहाँबाट टाढाटाढा देखिन्छ । सम्भवतः त्यो सुरक्षाचौकीको रुपमा मात्रै थियो, हतुवाजस्तो ठूलो गढी होइन ।

चार, पाप्माखाममा असाध्यै हावा चल्छ, त्यस्तो ठाउँमा क्यासल (ठूलो गढीहरु) राख्नु सम्भव देखिँदैन । बरु सुरक्षाको दृष्टिले चाहिँ सबैतिर नियाल्न सकिने राम्रो ठाउँ हो । हतुवागढीको सुरक्षाका लागि स्थापना गरिएको सुरक्षा पोस्ट हुन सक्छ ।

## ii. अटलसिं र बदलसिं

पाप्माखाममा किराती राजा बस्थ्यो भनेर स्थानीय स्रोतव्यक्तिहरुले बताए तर को थिए राजा भन्ने कुरा चाहिँ खुलस्त बताउन सकेनन् । केही स्रोतव्यक्तिहरुबाट पाप्माखामसँग अटलसिं र बदलसिं राय (राई) को सम्बन्ध रहेको जानकारी प्राप्त भयो । उनीहरुले पुर्खाहरुबाट सुनेअनुसार हतुवागढीका अटलसिंले पाप्माखाममा चौकीघर स्थापना गरेका थिए । अटलसिं दाजु थिए र उनका भाइ थिए बदलसिं । हतुवागढी दाजु अटलसिं रायको थियो, पाप्माखाम चाहिँ भाइ बदलसिंको सुरक्षामा थियो । बान्तावा राईभित्रका कुन पाछाका हुन् बदलसिं भन्ने स्थानीयहरुबाट खुल्न नसके पनि केही स्रोतव्यक्तिले उनी पाप्माखामआसपास बस्ने सुच्चा राई चाहिँ होइनन् भनेर बताए । दुवैको नामको पछाडि 'सिं' भएकोले उनीहरु दाजुभाइ हुन सक्छन् भन्ने अनुमान केहीको रहेको छ ।

## iii. युद्ध

स्थानीय स्रोतव्यक्तिहरुसँग गरिएका कुराकानीबाट सूचनाका रुपमा निम्न कुरा प्राप्त भएका छन्-

एक, पृथ्वीनारायण शाहका गोरखाली सेनाहरुले कब्जा गर्नुभन्दा पहिला पाप्माखाममा चौकीघर थियो । त्यहाँ लडाइँसम्बन्धी तालिम हुन्थ्यो । त्यहाँका किराती सेनाहरुले ढुंगो हान्ने, धनुकाँड हान्ने गर्दथे ।

दुई, पाप्माखाममा नियमित किराती सेनाहरु थिएनन् । चाहिएको बेला गाउँलेहरुलाई सुइसुइला बजाएर खबर गरिन्थ्यो र युद्धको सिप भएका युवाहरु जम्मा हुन्थे ।

तीन, किराती राजाहरुका बीचमा पनि युद्ध हुन्थ्यो त्यसैले पाप्माखाममा चौकीघर राखिएको हो ।

चार, पृथ्वीनाराण शाहका गोरखाली फौजहरु सावा खोलैखोला आएर पाप्माखाममा आक्रमण गरे । किरातीहरुले धनुकाँडले युद्ध लडेका थिए । उनीहरुसँग तीन हात लामो तरबारहरु पनि थियो । हतुवागढीमा त किरातीहरुसँग भरुवा बन्दुक पनि थियो । हिमालधन राई (होम्तोक) भन्छन्, "हतुवागढीका किरातीहरुले भरुवा बन्दुक पनि चलाउँथे । किरातीहरुले चलाएको बन्दुक त मैले गुम्पाले बाजेको घरमा देखेको समेत थिएँ । अहिले त फालिहाल्यो होला ।"

पृथ्वीनारायण शाहका सेनासँग पराजित भएपछि किरात राईहरु तितरबितर भए । पृथ्वीनारायण शाहले आक्रमण गर्दा सायद पाप्माखाममा बदलसिं वा उनका सन्तानको नेतृत्व हुनसक्छ ।

पृथ्वीनाराणसँग लड्दा अलिअलि किराती सेनाहरु मरेका थिए ।

पाँच, त्यसबखत १२ पटकसम्म युद्ध गर्ने युद्धनियम थियो । किरातीहरुलाई पराजित गरेपछि पृथ्वीनारायण शाहका सेनाहरु पात्लेघारी हुँदै सिक्तेल खोला पछ्याएर हतुवागढी आक्रमण गर्न गएका थिए ।

## iv. सुच्चा

पाप्माखाम गढीमा किरातहरु नै हर्ताकर्ता थिए भन्नेबारेमा एकमत भए पनि को थियो ? कुन वंशको थियो ? यस्ता आधारभूत प्रश्नको उत्तर चाहिँ अनुमानका रुपमा मात्रै प्राप्त भए । केहीले त्यहाँका हर्ताकर्ताहरु सुच्चा राईहरु हुन सक्ने सम्भावना व्यक्त गरे । ती भनाइको सार यस्तो रहेको थियो-

एक, यो गढीको वरपर सुच्चा राईहरुको बसोबास रहेको छ । गढीनजिकै बस्नेत क्षेत्रीहरु पनि बसोबास गर्छन् तर उनीहरु पछाडि आएका हुनाले उनीहरु गढीको हर्ताकर्ता हुने सम्भावना छैन । खोटेहाङ गाउँपालिकाको लिकुवा क्षेत्रमा राईहरु बसोबास गर्छन् तर उनीहरु पनि गढीभन्दा अलि परै छन् । गढीको नजिकै बस्नेहरु सुच्चा राई नै हुन् ।


दुई, पाप्माखाम गढीको हर्ताकर्ता सुच्चा राईहरु हुन सक्ने अर्को आधार हो लालमोहर । शाह राजाबाट सुच्चा पाछा (वंश) नरसिं राईले किपटिया कागज पनि प्राप्त गरेका थिए । इतिहासमा समाजका हर्ताकर्ताहरुले नै लालमोहर र किपटहरु प्राप्त गर्ने गरेको देखिएको हुनाले पाप्माखामका हर्ताकर्ता सुच्चा राईहरु नै हुन सक्छन् ।

पाप्माखामवरपर रहेको जग्गा होम्तोकका सुच्चा राईहरुको किपटिया जग्गा हो । उनीहरुकै पुर्खाहरुले रैती बनाएर पछि तामाङहरुलाई बसोबास गर्न दिएका थिए । ती रैतीहरुले किपटियाहरुलाई चाडबाडमा काम गर्न सघाउँथे । जसले रैती धेर राख्छ उही ठूलो मान्छे हुने समय भएकोले किपटियाहरुले आफ्नो किपट क्षेत्रमा रैतीहरु धेरै राख्ने गर्दथे । तत्कालीन अवस्थामा पाम्पाखाम क्षेत्र सिक्तेल थुमअन्तरगत रहेको थियो ।

तीन, पाप्माखाम क्षेत्रमा पूर्व-दक्षिण दिशामा केही ऐतिहासिक सांस्कृतिक स्थान र सांस्कृतिक अभ्यासहरु प्रचलित छ जुन सुच्चासँग विशेष सम्बन्ध राख्दछ । त्यहाँ एउटा सुच्चा गुफा छ जसको चेपमा भासिएका भाटाहरु भेटिएका थिए ।

पाप्माखामनजिकै नागछाँगा पनि छ जुन सुच्चाहरुका पुर्खासँग सम्बन्धित छ । गुफाको सानो खोपीमा सुच्चा राईहरुका पुर्खा 'सुच्चा'को अजम्बरी बुटी थियो भन्ने विश्वास गरिन्थ्यो । प्रचलित मिथकअनुसार सुच्चाहरुका एकजना पुर्खासँग अजम्बरी बुटी थियो । उसका दाजुभाइहरुले सुच्चालाई मारेर त्यो अजम्बरी बुटी खोस्ने षड्यन्त्र गरे । त्यो थाहा पाएर उनी आफैले भाइहरुलाई 'मेरो टाउकोमा छ' भनेपछि अजम्बरी बुटी उडेर

गोल्मे भीरमा बस्यो । त्यही कारण अहिले पनि गोल्मे भीर रहेको क्षेत्रमा 'सुच्चा पूजा' गरिन्छ । सुच्चा पूजामा राईहरु मात्रै नभएर त्यस क्षेत्रमा बसोबास गर्ने बाहुनहरु पनि सहभागी हुन्थे । राईहरुले कुखुराको भालेले पूजा गर्थे भने बाहुनहरुले बोकाले सुच्चा पूजा गर्थे । सुच्चा पूजा गर्ने निश्चित एउटा ठाउँ हुँदैन, सल्लाह गरेर एक ठाउँमा पूजा गरिन्छ । यसले पनि पक्कै सुच्चा राईहरु त्यस क्षेत्रमा प्रभावशाली थिए भन्ने अनुमान हुन्छ ।



पाप्माखाम गढीमा पर्खाल निर्माण सम्पन्न भएपछि राखिएको शिलालेख

अर्को मिथकअनुसार अजम्बरी बुटी भएका सुच्चाले हालको रामप्रसाद राई गाउँपालिकाको कार्यालय रहेको चिलाउनेटारमा तीर हानेर पानी निकालेको कुवा छ । त्यस्तै अर्को एउटा धारा दुङ्मामा पनि छ जुन सुच्चाले तीर हानेर निकालेका थिए भनिन्छ ।

## vi. शिलालेख

पाप्माखाम गढीलाई सुरक्षित राख्न ढुंगाको पर्खाल निर्माण गरिसकेपछि एउटा शिलालेख राखिएको थियो । त्यो शिलालेख अहिले एकलव्य राईले पसलमा सुरक्षित रुपमा राखेका छन् । त्यो शिलालेखमा सुच्चा कल्याणकारी समाजको संयोजनमा स्थानीय समुदायको सहयोगमा पाप्माखाम गढीको पर्खाल निर्माण २०६६ जेठ १५ गते सम्पन्न भएको उल्लेख गरिएको छ ।

## vi. पुरातात्विक वस्तु

स्थलगत अध्ययनका क्रममा पुरातात्विक महत्वका वस्तुहरु प्राप्त नभए पनि स्थानीय स्रोतव्यक्तिहरुले त्यस्ता वस्तुहरु पहिलापहिला भेटिने गरेको बताए । पाप्माखाम गढीमा जमिनमुनि डोली पैसाहरु भेटिन्थ्यो । पाप्माखाम गढीमुनि पहिलोपटक पसल खोलेका भक्तबहादुर राईबाट सुनेको बताउँदै जितपाल किरात (ललितपुर)ले यसो भने, "गणेशकुमार राईहरुको काका भक्तबहादुर राईले त्यहाँ सानो दोकान राख्नुभएको थियो । वहाँ भन्नुहुन्थ्यो- त्यहाँ डोली पैसा, फलामको हतियारहरु भेटिन्थ्यो । बाटोभन्दा मास्तिर थियो वहाँको पसल ।"

## vii. गोल्मा राजा, गोल्मा रानी

पाप्माखाम क्षेत्रको होम्तोक गाउँभन्दा माथि गोल्मे भीर छ जससँग एउटा प्राचीन किंवदन्ती जोडिएको छ । किंवदन्तीले भन्छ- गोल्मा राजा र गोल्मा रानी विवाह गरेर आउँदा त्यस क्षेत्रमा आइपुगेपछि कलीले छोपेर जन्तीसहित ढुंगामा परिणत भए । गोल्मा राजाले बेलका राजाकी छोरी विवाह गरेर पहाडतर्फ ल्याउँदैगर्दा यस्तो घटना घटेको थियो । किंवदन्तीको मूलभूत सार यही रहेको छ । त्यस्तै, सुच्चा वंश (पाछा)का बान्तावा राईहरुको पुर्खा सुच्चाको अजम्बरी बुटी पनि उडेर यही गोल्मा भीरमा बसेको छ भन्ने किंवदन्ती पनि प्रचलित छ । किंवदन्ती यस्तो रहेको छ-

> "गोल्मा राजा र गोल्मा रानी थियो अरे । राजारानीकै नामबाट ठाउँको नाम रहेको अरे । गोल्मा राजाको ससुराली बेलाका राजा अरे । त्यहाँबाट बेलकाको छोरी जन्ति लिएर आएको थियो । त्यो जन्ती त्यहाँ आइपुगेपछि ढुंगा भयो । गोल्मे भीरमा जन्तीढुंगा थियो । जन्तीसहित बेहुला र बेहुली आएको थियो अरे । कली लागेपछि झ्याप्पै कलीले छोपेर गोल्मा राजा र गोल्मा रानी त्यहाँ अल्पिएको अरे । त्यो ठाउँमा घोडा छ, डोली छ । गुन्टा छ । ढ्याङ्ग्रो छ, त्यो चाहिँ ९० सालको भूकम्पमा झरेछ । जोडी खड्कुला थियो अरे, त्यो पनि नब्बे सालमा भूकम्पले खसेछ । गोल्मा राजा र गोल्मा रानी मरेको छैन, अल्पेको मात्रै छ, जीवित छ । बेलका राजा मरेको छैन । गोल्मा राजा र गोल्मा रानीको त्यहाँ पूजा चाहिँ गर्दैनौं । तर, गोठधुप गर्दा गोल्मा राजा र रानीको नाम लिनुपर्छ । धुपधुवाँर चाहिँ हुन्छ राजारानीको । धामीले पनि साल्पा राजा साल्पा रानी, गोल्मा राजा गोल्मा रानी भनेर नाम लिन्छ । हाम्रो बुबाले भन्नुभाको नब्बे सालको भूकम्पपछि रातको ठीक १२ बजे गाउँ थर्काउने गरी दमाहा बज्यो र बज्दैबज्दै पूर्वपट्टि गइगयो" ( मालिकसिं राई, होम्तोक) ।
>
> "सुच्चासँग अजम्बरी बुटी थियो । उसलाई दाजुभाइहरुले मारेर खोस्न खोजे । अनि ऊ आफैले मेरो टाउकोमा छ भनेर बताएपछि त्यो अजम्बरी बुटी उडेर गोल्मे भीरमा बस्यो भनिन्छ । गोल्मे भीरमा सुच्चा पूजा पनि हुन्छ" (जितपाल किरात, ललितपुर) ।

## viii. पालुङ्गा

पाप्माखाम गढी क्षेत्र र त्यसभन्दा निकट क्षेत्रहरुमा पहिलापहिला पुलिक मालाहरु भेटिन्थ्यो । ती पुलिक मालाहरु लिम्बूहरुले सस्तो मूल्यमा किनेर लैजान्थे । ती पुलिक माला बनाउने किराती नै थिए जसलाई पुलुङ्गा भनिन्थ्यो । उनीहरु हालका किरात राईका पुर्खाहरुसँगको संघर्षमा पराजित भएर नागाल्यान्ड ( भारत)तिर गएर बसोबास गरे । यसबारे बुद्धिराज राई (लगलङ्पा)को भनाइ यस्तो छ-

> "पैला (पहिला) त यहाँ पुलुङ्गाहरु पनि थियो नि रैछ । त्यो पुलिकमाला बोक्ने पुलुङ्गाहरु हो । उता नागाल्यान्डतिर गैको (गइगए) । उनहरु पनि राई नै रछ नि । तर, छुच्चो थियो अरे पुलुङ्गाहरु । उसलाई हाम्रो पुर्खाहरुले खेदेको अरे । तिनहरुको माला त हो पुलिकहरु । त्यो त राम्रो माला रछ हगि । पैला त फ्याँकिदियुङ (फ्याँकिदियौं) । लिम्भु (लिम्बू)हरुले पछि सबै लग्यो नि । ३ रुपे, २ रुपे पैसा दिएर लान्थ्यो लिम्भुहरुले ।"

## २.२ दुब्देङ भीर

### क. समाज

दुब्देङ भीरभन्दा पूर्वपट्टिट केही टाढा बस्ती छ जसलाई माटिकोरे भनिन्छ । त्यहाँ खोटाङ जिल्लाको दिक्तेलबाट आएका चाम्लिङ राईहरुको लगभग दशबाह्र घर बस्ती छ । दुङ्भोछा वंश (पाछा)का चाम्लिङहरु माटिकोरेमा बस्न सुरु गरेको आठ पुस्ता[1] भएको छ । एक पुस्तालाई औसत २५ वर्ष मान्ने हो भने चाम्लिङहरु त्यहाँ बसोबास गर्न सुरु गरेको २०० वर्ष पुगेको छ ।



दुब्देङ भीर

स्थानीय डिकमान राई भन्छन्, "हामी चाम्लिङहरु यहाँ माटिकोरेमा आएको त्यस्तै ८ पुस्ता भयो । दुब्देङ भीरको टाकुरामा रहेको पाखाबारीमा एक घर रहेको छ जहाँ अहिले पाण्डे थरका व्यक्ति बसोबास गर्छन् । भीरभन्दा पश्चिमतर्फ अलि पर चाहिँ केही घरहरु रहेको छ । दुब्देङ भीर आसपासको जम्माजम्मी बस्ती यति मात्रै हो । यी बस्ती र त्यसवरपर कतै पनि दुब्देङ वंश (पाछा)का राईहरुको बस्ती भेटिँदैन ।"

[1] डिकमान राई (माटिकोरे)का अनुसार माटिकोरे आउने पहिलो पुर्खा चामु राई (पुस्ता १) थिए । उनका छोरा अर्थबोली राई (पुस्ता २) । उनका छोराहरु शुद्धवीर र ध्वजवीर (पुस्ता ३) । ध्वजवीरको छोरा जसमान (पुस्ता ४) । उनका छोरा बखतबहादुर, छोरी ईश्वरमाया (पुस्ता ५) । बखतबहादुरका छारा देवा पुजारी (पुस्ता ६) । पुजारीका छोरा (पुस्ता ७) । पुजारीका नाति (पुस्ता ८) ।

## ख. दुब्देङहाङ

माटिकोरे क्षेत्रमा धेरै पहिला दुब्देङ राजा थिए । सम्भवतः उनकै नामबाट बान्तावा राईभित्र दुब्देङ वंश (पाछा) पनि बनेको छ । उनी कति पहिलेका स्थानीय राजा थिए भन्नेबारे यकिन गरेर भन्न सकिने गरी सूचनाहरु प्राप्त हुन सकेनन् । उनका वंश कसरी, किन त्यस क्षेत्रबाट पूर्ण रुपमा विस्थापित भयो र अन्यत्र बसोबास गर्न पुगे ? यस्ता आधारभूत प्रश्नहरुबारे पनि सूचना प्राप्त हुन सकेन । यद्यपि आधारभूत रुपमा चाहिँ भीरको नाम नै दुब्देङ रहेको, भीरमा रहेको ओडारमा दुब्देङ राजाको चिहान थियो भन्ने सूचनाहरुले माटिकोरे क्षेत्रमा कुनै बेला दुब्देङ राजा थिए भन्ने चाहिँ निश्चित हुन्छ । माटिकोरे क्षेत्रमा दुब्देङहाङ राजा थिए भन्ने सूचना पाप्माखाम गढीछेउको बस्ती लगलङ्पाका बुद्धिराज राईले पनि बताएका थिए ।

स्थानीयहरुबाट प्राप्त सीमित सूचनाअनुसार दुब्देङ राजाले मार्से (मार्छे) खेतमा घर (दरबार) निर्माण गरेका थिए । त्यस क्षेत्रमा अहिले खेतैखेत रहेको छ । स्थानीयहरुले उनी घोरेटार, हतुवागढीका सुनाहाङ राजाभन्दा अगाडिका हुन् या पछाडिका हुन् यकिन बताउन सकेनन् । एकथरिका अनुसार उनी पृथ्वीनारायण शाहसँग लडाइँ गरेका राजा पनि होइनन् । बरु धनुकाँडले लडाइँ गर्दै उनी चीनको सिमानासम्म पुग्थे भन्ने किंवदन्ती चाहिँ प्रचलित रहेछ ।



दुब्देङ भीरछेउको मार्से खेत जहाँ राता रंगका माटाका भाँडाका टुक्राहरु भेटिन्छ

दुब्देङहाङबारे दुईजना स्रोतव्यक्तिहरुबाट प्राप्त सूचना यहाँ जस्ताको तस्तै समावेश गरिएको छ जसमध्ये डिकमान राई (माटिकोरे) बाट प्राप्त सूचना यस्तो छ-

"मेरो ममी दुब्देङ वंशको हुनुहुँदो रछ । मेरो ममीको माइत चाहिँ खोटाङको पित्लाम भन्ने फापरखोरिया रहेछ । वहाँहरु त्यस ठाउँबाट आउनुभाको हो । मेरो ममीले भन्नुहुन्थ्यो- 'यहाँ पर मार्से खेतमा दुब्देङ भिर

छ । त्यहाँ बस्नुहुन्थ्यो रहेछ दुब्देङहाङ । भौगोलिक हिसाबले चाहिँ त्यो बस्न लायक ठाउँ होइन । तर, दुब्देङ राजा त्यहाँ आएर बस्नुभएको थियो । दुब्देङहाङ राजाले त्यहाँ दरबार खडा गर्नुभो । दुब्देङहाङ राजा घोरेटारगढीको सुनाहाङ राजाभन्दा अगाडिको या पछाडिको हो भन्ने थाहा छैन । तर, हाम्रो अनुमान चाहिँ दुब्देङ त्यसभन्दा अगाडिको हो । किनभने, अटल राय त पृथ्वीनारायण शाहसँग युद्धमा हारेको थियो । दुब्देङ चाहिँ युद्धमा हारेको कथा सुनिएको छैन । उनले कति शासन गरे, के गरे भन्ने कुरा पनि सुनिएन । दुब्देहाङ वंशको कोही पनि मान्छे यहाँ माटिकोरेमा छैनन् । अरुतिर छन् अरे । दुब्देहाङ किन त्यहाँ आयो ? त्यति गतिलो ठाउँ पनि छैन ? मलाई खोजी गर्ने रहर छ ।"

माटिकोरेकै अर्का स्रोतव्यक्ति धिरेन्द्र चाम्लिङले पनि बजुबाट सुनेको कुरा यस्तरी सुनाएका थिए,

"सन्तानब्बे वर्षको एकजना बुढी बजु हुनुहुन्छ, वहाँले भन्नुभएअनुसार दुब्देहाङ राजा चीनको कुन नाकासम्म पुगेर लडाइँ गर्नुहुन्थ्यो । बेलुका घर फर्किंदा हातमा खुनैसरी हुने, खुनले बाँधिएर तरबार पूरै बाँधिएको हुन्थ्यो । तातो पानीले पखालेपछि मात्रै तरबार खुस्किन्थ्यो । दुब्देङ राजा को हो ? कता गयो ? भन्ने चाहिँ थाहा छैन । दुब्देङहाङ राजा हो भन्ने चाहिँ हो । सबैले दुब्देङ भीर भनेर चिन्दछन् ।"

रामप्रसाद राई गाउँपालिकाभित्रका स्थाननामबारे अध्ययन गरेका चन्द्रकुमार हतुवाली (२०७८)ले हतुवा क्षेत्रमा बसोबास गर्ने दुब्देङहरुबाट माटिकोरेका स्रोतव्यक्तिहरुबाट प्राप्त भएभन्दा थप नयाँ सूचनाहरु संकलन गरेका छन् । उनको सूचनाले माटिकोरेका स्रोतव्यक्तिहरुबाट नखुलेका केही कुरा खुलस्त भएको छ-

"पृथ्वीनारायण शाह र दुब्देङहाङ राजाका सेनाहरुबीच घमासान युद्ध भयो । दुब्देङहाङ राजाको हार भयो र युद्धमा उनले ज्यान गुमाए । दुब्देङहाङ राजाका दुई छोराहरु धिरुक र पुरुक थिए । उनीहरु भने बाँच्न सफल भए । भाग्ने क्रममा छोराहरु धिरुक र पुरुक साथै सेनाहरु मिलेर दुब्देङहाङ राजाका अमूल्य सम्पत्ति र निशानाहरु एक ठाउँ गाडेर गए । जेठा धिरुक दुधकोशी तरेर मैनामैनी हुँदै भागे । कान्छा पुरुक भने हतुवागढी गाउँपालिका, वडा नं. ३, सिन्द्राङमा बसोबास गर्न थाले र त्यहीं फैलिए । उनैका सन्तान नै अहिले सिन्द्राङका दुब्देङ राईहरु हुन् ।

"दुब्देङहाङ राजाको किच्चक राजासँग मितेरी साइनो थियो । किच्चक तन्त्रविद्यामा पनि पारङ्गत थिए । बेलाबेलामा किच्चक राजाले निम्तो दिएपछि उनी मितलाई भेट्न जान्थे । राजा किच्चकले मित दुब्देङहाङ राजालाई पनि तन्त्रविद्या सिकाएका थिए । राजा किच्चकले भैँसी पनि पाल्दथे ।

"दुब्देङहाङ राजाले भैँसी लाने विचारले तन्त्रको प्रयोग गरे र फर्के । मित किच्चकका भैँसीहरुले राजा दुब्देङहाङलाई पछ्याउँदै आए । भैँसीहरुलाई राजा किच्चकले कत्ति रोक्न खोजे सकेनन् । दुब्देङहाङ राजालाई पछ्याउँदै आएका भैँसीहरुलाई आमचोक गाउँपालिकामा पर्ने हालको साँवाखोरमा राखे । राई बान्तावा भाषामा भैँसीलाई साँवा भनिन्छ । यसपछि यो ठाउँको नाम साङ्वा खोरा (भैँसीको खोर) भयो । यही साङ्वाखोरा नै पछिल्लो कालमा अपभ्रंश भई साँवाखोर नामले चिनिन्छ । यसरी यो क्षेत्रमा पहिलोपटक दुब्देङहाङ राजाले भैँसी पालनको सुरुवात गरेका थिए ।

"दुब्देङहाङ राजाले यो क्षेत्रमा कृषि र पशुपालन गर्ने ठाउँहरु पनि छुट्याएका थिए । ती ठाउँहरु त्यही नामले अहिले पनि चिनिन्छन् । जस्तो :

"बेछुक (अदुवा) रोपेको ठाउँ बेछुक्खा । दाङ्खा (मकै) रोपेको ठाउँ दाङ्खा । "बाक (सुँगुर) खोर बनाएर पालेको ठाउँ बाकखोरा" (पृ. ३८-४०) ।

## ग. पुरातात्विक वस्तु (१) : कट्टी, माटाको भाँडो र मालाहरु

दुब्देङभीरभन्दा ठीक मास्तिर रहेको पाखाबारी कुनै बेला खत्रीहरुको थियो । घरबाट त्यहाँ खेतीपाती गर्न आउन अलि टाढा भएकाले उनीहरुले २०३४ सालतिर त्यहाँ गोठ निर्माण गरेका थिए । त्यो गोठ निर्माण गर्न जग खन्ने क्रममा उनीहरुले एउटा खाल्डो भेट्टाए । खाल्डोमा अजिङ्गर भेट्टियो । अजिङ्गर भागेपछि हेर्दा त्यहाँ एउटा हतियार कट्टी, माटोको कालो रंगको भाँडा, मट्टिमाला, टल्किने गहनालगायत भेट्टाए । चिहानमा भेटिएको कुरा घरमा लैजानु हुँदैन भनेर उनीहरुले ती वस्तुहरु दुब्देङभीरमा मिल्काइदिए । यसपटक स्थलगत अध्ययनमा प्राप्त यही सूचना अध्येता चन्द्रकुमार राई 'हतुवाली'ले पनि स्थाननामको अध्ययनका क्रममा प्रकाशन गरेका छन् (२०७८) । त्यति मात्रै होइन, दुब्देङभीरकै छेउमा रहेको टुँडिखेलमा समेत मट्टिमालाहरु भेटिन्थ्यो । यसबारे चन्द्र चाम्लिङ (माटिकोरे)ले पुर्खाहरुबाट सुनेको कुरा यसप्रकार छ-



दुब्देङ ओडारमा भेटिएका कालो रंगका माटाका भाँडाका टुक्राहरु

"गणेश खत्री, भीमबहादुर खत्री, रामबहादुर खत्रीहरुको बुबाको नाम चाहिँ थाहा भएन, वहाँहरुसँग चाहिँ मैले भेटेर कुराकानी गरेको थिएँ । एकजना रामबहादुर खत्री मात्रै हुनुहुन्छ अहिले भुल्केमा । म रामबहादुर खत्रीको घरमा गएर सोधेको थिएँ । अरु चाहिँ मधेसतिर झर्नुभएको छ । २०३४ सालतिरको कुरा रहेछ, वहाँहरुले मार्से खेतछेउमा जग्गा लिनुभयो । घरबाट टाढा पर्ने हुनाले वहाँहरुले नयाँ जग्गामा गोठ बनाउनुभएछ । वहाँहरुले दुईतीन दिन घडेरी खार्ने क्रममा गाडधन भेट्नुभएछ । गाडधनलाई अजिङ्गरले बेरेको रहेछ । भित्रबाट स्वाँ गरेर अजिङ्गर निस्किएछ । वहाँहरु अजिङ्गर देखेर डराउनु पनि भएछ । के रहेछ भनेर हेर्दा त त्यहाँ गरगहना, एउटा कट्टी थिएछ । त्यो माटोको भाँडा चाहिँ दाल पकाउँदा कालो भाको जस्तो कालो थियो अरे । त्यसमा मट्टिमालाहरु थियो अरे । अनि एउटा टल्किनेखालको केही गहना पनि थियो अरे । गहनाहरु भएको ठाउँ चाहिँ चिल्लो गोलो थियो अरे । पछि पनि टुँडिखेलमा खन्दाखेरि मट्टिमाला भेटिन्थ्यो अरे ।

"मरेको मान्छेको चिहानमा भेटेको कुरा राख्नु हुँदैन भनेर उनीहरुले त्यो गरगहना, कट्टीहरु फालिदिएछ । तीनजना खत्रीहरुले दौराको फेरमा सबै कुरा राखेर गरगहना र कट्टीहरु दुब्देङ भीरतिर फालिदिएछ । वहाँहरुको बारीभन्दा मुनि दुब्देङ भीर छ, त्यहाँ दुब्देङहाङ राजालाई मरेपछि राखेको भीर छ । तर, त्यो फालेको कुरा तल पनि खसेन, माथि पनि गएन, त्यहीँ बीचैमा अल्पियो अरे । वहाँहरुको बुबा त फेरि देवालीधामी पनि रहेछ । त्यो गहना र हतियार फालेपछि एकछिनपछि घरमा बसिरहेको वहाँहरुको बुबालाई कम्पन छुटेछ । काम्दै वहाँ छोराहरुले गोठ बनाइरहेको ठाउँमा आइपुग्नुभएछ । त्यो ठाउँमा आउँदा त जिउमा देउता उत्रिएर वहाँले भन्नुभएछ, 'मैले तिम्रो सन्तानहरुलाई तीन पुस्ता पुग्ने सम्पत्ति दिएको थिएँ । फालिदियो ।' बुबाले काम्दै यसो भनेपछि वहाँहरु अघि गरगहना र हतियार फालेको दुब्देङ भिरतिर खोज्न जानुभएछ । कहाँ अल्पियो अल्पियो वहाँहरुले भेट्नुभएनछ । यो कुरा मेरो बुबा रामकुमार राईलाई वहाँहरुले सुनाउनुभएको रहेछ । बुबाले मलाई सुनाउनुभएको हो । अहिले त्यो गोठ भएको ठाउँमा एकजना पाण्डे आएर बस्नुभएको छ । खत्रीहरुले त्यो जग्गा बेचिदिए । पाण्डेले घर बनाएर बसेको छ त्यो जग्गामा ।"

चन्द्र चाम्लिङसँग मिल्दोजुल्दो कुरा डिकमान राईले पनि यसरी बताए-

"मार्से खेतनजिकै दुब्देङ भीरभन्दा मास्तिर चासिराखेको खत्रीको जग्गा थियो । उनीहरुको घर जग्गाभन्दा पल्लोपट्टि थियो । त्यहाँ जग्गामा गोठबारी थियो । त्यहाँ पनि भग्नावशेषहरु चाहिँ थिएन दरबारको जस्तो । उनीहरुले त्यहाँ गोठ बनाउँदा प्वाँलो हो या पुलिक माला भेटेका थिए अरे । त्यो माला भेला पारेर घरतिर लाँदै थिए । त्यही दुब्देङ भीरभन्दा मास्तिर पुगेपछि चिहानको कुरा देखेर केटाकेटीहरु डराउँछ भनेर फालिदिएछ । घर पुगेपछि त्यो खत्री पूरै कामेछ । 'तीन पुस्तालाई सम्पत्ति दिएको थिएँ, तैंले फालिस्' भनेर बकेछ । अनि फालेको ठाउँमा फेरि खोज्न आउँदा त केही भेटिएनछ ।"

## घ. पुरातात्विक वस्तु (२) : माटाका भाँडाका टुक्राहरु

दुब्देङ भीरछेउमा माटिकोरेका चाम्लिङ राईहरुको स्वामित्वमा रहेको खेत छ । त्यो उनीहरुका बाजेको पालामा सुवेदी ब्राम्हणहरुबाट लिइएको हो । यो खेतमा अहिले पनि धान खेती गरिँदै छ । सम्भवतः यो खेतमा पहिला दुब्देङ राजाको दरबार (घर) हुन सक्छ । यो खतेको महत्वपूर्ण विशेषता के छ भने यहाँ अहिले पनि माटाका भाँडाका टुक्राहरु प्रशस्त भेटिँदो रहेछ । हामीले माटिकोरेका चाम्लिङ राईहरुसहित खेतमा बाहिर जमिनै लडिरहेका माटाका भाँडाका टुक्राहरु खोज्दा सजिलै दुईचार टुक्रा फेला पार्‍यौं । ती टुक्राहरु रातो माटाको भाँडाका हुन् । त्यो खेतैभरि यस्ता टुक्राहरु फेला पर्ने स्थानीय र खेतधनी डिकमान राईले बताए । यद्यपि स्थानीयहरुले यहाँ कुनै बखत कुमाले बसेको थियो भनेर पुर्खाहरुले नसुनाएको बताए ।  तर, त्यहाँ भेटिएका माटाका भाँडाका टुक्राहरुबाट चाहिँ यहाँ भाँडा उत्पादन गरिन्थ्यो भन्न सकिन्छ । डिकमान राईले अनुमान गर्दै भने, "सायद त्यो दुब्देङ राजाले भाँडा कमाउन राखेका मान्छेहरुले भाँडा बनाउने ठाउँ हो कि ? त्यो भाँडा बनाउने खेतभन्दा मास्तिर पनि भीर, वर्तिर पनि भीर, पर्तिर पनि भीर, तल्तिर पनि भीर छ । चारैपट्टि भीर भाको ठाउँ छ ।"



दुब्देङ भीरछेउ मार्से खेतमा भेटिएका रातो रंगका माटाका भाँडाका टुक्राहरु

यही खेतभन्दा मुनि दुब्देङ राजाको टुँडिखेल भनिने बाँझो जमिन छ । यही खेत र टुँडिखेलभन्दा थोरै पश्चिममा दुब्देङ भीर छ । खेतबाट तल झरेर टुँडिखेल अवलोकन गरेर तेर्स्रोमा पट्टेर घारी छिचोल्दै दुब्देङ भीरको फेदमा पुग्न सकिन्छ । भीरको फेदबाट उस्तै पट्टेर घारी छिचोल्दै एउटा ओडारमा पुगिन्छ, जुन ओडारलाई दुब्देङ राजाको चिहान भनिन्छ । भीरको झन्डै बीच भागमा दुब्देङ चिहान छ । पूर्वतर्फ टुँडिखेल र मार्से खेत छ, माथि पाण्डेको पाखाबारी र घर छ । उक्त ओडारमा अहिले भग्नावशेष त केही देखिँदैन, गारो लगाउन मिल्नेखालका ढुंगाका टुक्राहरु चाहिँ यत्रतत्र भेटिए । त्यस्तै माटाका भाँडाका मसिना टुक्राहरु पनि दर्जनौं भेटिए । हामीले नमुनाका लागि केही संकलन पनि गर्‍यौं । ती टुक्राहरु कुनै पूरै कालो रंगका छन्, केही रातो रंगका छन् । केही टुक्रा पातलो चिल्लो छन् भने केही टुक्रा खस्रो र बाक्लो छन् । त्यस क्षेत्रवरपर नजिकैमा बस्ती नै रहेको छैन तर यति धेरै माटोका भाँडाका टुक्राहरु भेटिनुले इतिहासबारे थप केही संकेत गरेको छ ।

## ङ. टुँडिखेल

मार्से खेतभन्दा थोरै मुनि अनि दुब्देङ भीरबाट पूर्वपट्टि नजिकै लाम्चो गरी फैलिएको खेतको गरा छ, जसलाई स्थानीयहरु दुब्देङ राजाको सेनाहरुले परेड खेल्ने ठाउँ भन्ने गर्छन् । त्यहाँ दुब्देङ राजाले घोडा पनि दगुराउँथ्यो भन्ने भनाइ स्थानीय स्रोतव्यक्तिहरुको छ । त्यो खेत अहिले बाँझो जमिनमा परिणत भएको छ । टुँडिखेलभन्दा मुनि पश्चिमतर्फ झन्डै दुब्देङ भीरको फेदसम्म फैलिएका खेतका ससाना गराहरु छन् । ती पनि बाँझो जमिनमा परिणत भएका छन् । र, दुब्देङ राजाका सेनाहरुले धनुकाँड तालिम लिँदा यही टुँडिखेलबाट पूर्वपट्टि निकै टाढा रहेको खेतमा तारो हान्थे भन्ने भनाइ पनि स्थानीयहरुको रहेको छ । यो खेतलाई अहिले पनि तारा खेत भनिन्छ ।



दुब्देङहाङ परेड खेल्ने टुँडिखेलको एक भाग र त्यहाँबाट देखिने दुब्देङ भीर

## च. दुब्देङ ओडार र चिहान

पाण्डेको पाखाबारीबाट चाहिँ चारपाँच सय मिटर तल झरेपछि दुब्दङ ओडारमा पुग्न सकिन्छ । यो ओडारमा मान्छे सहजै पुग्न सकिन्छ । स्थानीयहरुका अनुसार दुब्देङहाङ राजाको निधन भएपछि यही ओडारमा शव राखिएको थियो । त्यही भएकोले स्थानीयहरुले यसलाई दुब्देङहाङ राजाको चिहान भन्ने गरेका छन् । त्यो ओडारमा पहिला चिहानको आकृति प्रस्टै थियो । ढुंगामाथि सिमेन्ट होइन तर सिमेन्टजस्तै वस्तुले ढुंगा जोडेर गारो लगाइएको थियो । लगभग एकडेढ फिट उचाइको त्यो चिहान अहिले मासिसकेको छ । गारो लगाउन प्रयोग गरिएका जस्ता ढुंगाहरु चाहिँ यत्रतत्र पाइन्छन् । दुब्देङहाङको चिहानबारे प्रत्यक्षदर्शी डिकमान राईको भनाइ यस्तो छ-

> “दुब्देङ राजाको निधन भएपछि त्यो भिरमा राखिएको रहेछ । मेरो बुबाहरु त्यो भिरतिर गाईबाखा गोठाला जानुहुन्थ्यो अरे । दुब्देङहाङको चिहानको ढुंगा निकाल्दै बाख्राहरुलाई हान्नुहुन्थ्यो अरे । त्यो चिहान त अहिले लगभग हराइसकेको छ, ठाउँ चाहिँ हेर्न सकिन्छ । मैले थाहा पाउँदा यो दुब्देङ भीरको सानो ओडारमा लगभग डेढ फुटजति अग्लो गारो लगाइएको चिहान थियो । सिमेन्टले टाँसेको जस्तै पातलो ढुंगा गाँसिएको गारो थियो । भित्र खाल्डो थियो । सिमेन्ट चाहिँ होइन तर त्यस्तै दह्रोसँग गाँस्ने कुराले ढुंगा जोडेको थियो । ढुंगालाई प्लास्टरै गरेको जस्तो थियो । यो त धेरै पुरानो चिहान हो । त्यो बेला सिमेन्ट हुने कुरै भएन ।”



दुब्देङ ओडार : दुब्देङहाङको चिहान रहेको स्थान र आकृति देखाउँदै स्थानीय डिकमान राई (बीच)

## छ. ताराखेत

दुब्देङ भीर, मार्से खेत र टुँडिखेल (घोडा दौडाउने मैदान)बाट पूर्वतर्फ निकै पर अलि तल एउटा खेत छ जसलाई स्थानीयहरु तारो हान्ने खेत भन्ने गर्दछन् । यो खेत दुखुना टोलमा पर्दछ र माटिकोरेभन्दा तल छ । दुब्देङहाङ र उनका सेना धनुवाण हान्न तालिम लिँदा टुँडिखेलबाट यही खेतमा राखिएको तारो हान्ने गर्दथे । त्यही भएकोले यो खेतलाई ताराखेत भनिएको हो ।

## ज. नागा (किराती ?) चिहान

दुब्देङभीर नजिकै रहेको मार्से खेतमा किरात राईहरुका भन्दा फरक प्रकारले बनाइएको चिहानहरु थियो । ती चिहान तेर्सो खेतबारीलाई ठाडो गरी चिरेर बनाइएका थिए । त्यस्ता चिहानहरुमा पुलिक मालाहरु भेटिने भएकोले मार्से खेतमा केही स्थानीयले चिहान खनेका थिए । उनीहरुले पुलिकमाला नभेटे पनि मान्छेको दाँत र मट्टिमालाहरु भने भेटेका थिए । त्यसबारे जग्गाधनी डिकमान राईले यसरी बताए-



टुँडिखेलबाट देखिने ताराखेत : तल्लो सडकभन्दा मास्तिर पर्ने खेत

“त्यो मार्से खेतमा काम गर्दा नागाहरुको चिहान भन्थ्यो, त्यो भेटिएको थियो । त्यो कस्तो थियो भने खेत त तेर्सो हुन्छ तर तेर्सो खेतलाई ठाडो गरी चिरेर बनाइएको थियो । चिहानमा ढुंगा ठड्याएर बनाएको बारा (बार) थियो । साथीहरुले यहाँ पुल्लिक छ भनेर खन्नुभो । दाँतहरु भेट्नुभो, मट्टिमालाहरु भेट्नुभो । अरु चाहिँ भेट्नुभएन । मेरै खेत हो । माटोको माला हुँदो रछ नि । मलाई नै नाताका मान्छेहरुले माग्नुभएकोले खन्न दिएको थिएँ । वहाँहरुले खन्दा म पनि हेर्न गएको थिएँ ।”

*अध्याय ३*

# छलफल

## ३.१ पाप्माखाम गढी

### क. नाम

स्थानीय स्रोतव्यक्तिहरुसँग गरिएको कुराकानीबाट पाप्माखाम नामकरण हुनुमा दुईवटा सम्भावना देखिएको छ- पहिलो, पाप्माखाम क्षेत्रमा प्रशस्त पापाप्मा (चिप्ले किरा) पाइने भएकोले अपभंश भएर पाप्माखाम हुन पुगेको । दोस्रो, बान्तावा राई भाषामा कसैले खेद्दाखेरि भित्ता अठ्याउँदै भाग्नुलाई भनिने 'पापाबोम्पा'बाट अपभंश भएर पाप्माखाम भएको । यी दुवै तथ्यबाट स्पष्ट हुन्छ- पाप्माखाम नाम बान्तावा भाषाबाट रहेको हो । त्यसमा पनि भित्ता समाउँदै भागेको भन्ने अर्थबाट नभएर चिप्लेकिरा प्रशस्त पाइने भएकोले पाप्माखाम नामकरण हुन पुगेको आधार बलियो छ । कोसँग भागेको, किन भागेको जस्ता प्रश्नको स्पष्ट आधारहरु नभेटिएको हुनाले 'पापाबोम्पा' शब्दबाट अपभ्रंश भएर पाप्माखाम हुनु लगभग असम्भव देखिन्छ । अध्येता कमलजंग राईले पनि पाम्तु (कोतर्दै) खाम (ठाउँ) भागेको ठाउँ भएकोले पाप्माखाम रहनु असम्भव उल्लेख गरेका छन् (राई, २०७४) । बरु हालसम्म पनि त्यस क्षेत्रमा चिप्लेकिरा पाइनु, चिप्लेकिराका लागि प्रयोग हुने बान्तावा शब्दसँग पाप्माखाम नाम ज्यादै नजिक देखिनु र चिप्लेकिरासम्बन्धी रैथाने ज्ञानहरु बान्तावालगायतका अन्य जातजातिहरुमा पनि व्यापक पाइनुले पाप्माखाम नाम पापाप्मा शब्दबाट अपभ्रंश भएर रहन पुगेको तथ्यगत देखिन्छ । अध्येता कमलजंग राईले पनि यही पापाप्माबाट पाप्माखाम हुन सक्ने सम्भावना नै तथ्यपरक रहेको बताएका छन् राई, २०७४) ।

### ख. सुरक्षाचौकी

स्थलगत अवलोकन गरेपछि महसुस भयो कि पाप्माखाम स्थानीय किरात राजाहरु बसेर शासन गर्ने गढी होइन बरु कुनै गढीको सुरक्षाका लागि स्थापना गरिएको सुरक्षाचौकी हो । यस्तै मत स्थानीय स्रोतव्यक्तिहरुको पनि रहेको छ । यद्यपि अध्येता कमलजंग राईले पाप्माखामलाई गढी नै भएको उल्लेख गरेका छन् (राई, २०७४) । यहाँ यसबारे केही आधारसहित छलफल गरिएको छ ।

एक, मैले माझकिरातका केही गढीहरुको प्रत्यक्ष अवलोकनसहित अध्ययन गरेको छु । जस्तो कि खोटाङ जिल्लाका मझुवागढी, खिल्कु (महुरे) गढी, हलेसी गढी, च्यास्मी गढी । यी सबै गढीहरु रणनीतिक रुपमा सबैभन्दा उच्च भूभागमा छन् अर्थात् डाँडाको चुचुरामा छन् जबकि पाप्माखाम चाहिँ भञ्ज्याङमा छ । रणनीतिक भूगोलका हिसाबले पाप्माखाम गढीको अवस्थिति अन्य गढीहरुसँग मिल्दोजुल्दो देखिँदैन ।

दुई, केही गढीका भग्नावशेषहरु नामेट हुँदै गए पनि च्यास्मी, हलेसी र खिल्कु गढीमा अहिलेसम्म पनि प्रस्ट रुपमा दुई अलगअलग स्थानमा भग्नावशेष बाँकी रहेका छन् । एउटा स्थानमा स्थानीय किरात राजाको दरबारको अवशेष छ भने अर्को स्थानमा सेनाहरु बस्ने भवनको अवशेषहरु रहेका छन् । जबकि पाप्माखाममा

चाहिँ एक स्थानमा मात्रै अवशेष देख्न सकिन्छ । त्यो पनि साँगुरो भञ्ज्याङमा एउटा सानो क्षेत्रफलमा मात्रै । पाप्माखाममा राजा बस्ने गढीमा हुनुपर्ने प्रकारको भौतिक संरचनाका अवशेषहरु देखिँदैनन् ।

तीन, मैले अध्ययन गरेका मझुवागढी, खिल्कु (महुरे) गढी, हलेसी गढी, च्यास्मी गढी सबैमा किरात राजाबारे कुनैमा राम्रै सूचना, कुनैमा थोरै भए पनि जानकारी प्राप्त भएका छन् । राजाका नाम, उनको वंश, पृथ्वीनारायण शाहसँग भएको युद्धजस्ता कुराबारे आधारभूत सूचनाहरु प्राप्त भएका थिए । तर, पाप्माखाम गढीमा कुन वंशको को किरात राजा थियो ? पृथ्वीनारायण शाहसँग उनले कसरी युद्ध लडे ? उनका सन्तानहरु अहिले कहाँ छन् ? यस्ता आधारभूत कुराहरुबारे कुनै पनि सूचना प्राप्त हुन सकेन । यद्यपि अध्येता कमलजंग राईले चाहिँ पाप्माखाम गढीमा गोरखाली सेनासँग भिषण लडाइँ भएको र पराजित गर्न नसकेपछि हतुवागढीतर्फ केन्द्रित भएको उल्लेख गरेका छन् (राई, २०७४) । यो भनाइले थप प्रश्न चाहिँ के पैदा हुन्छ भने एउटा मोर्चा नजितीकन असुरक्षित अवस्थामा अर्को मोर्चामा आक्रमण नगरिनुपर्ने हो ! त्यसैले युद्ध भएकोमा आशंका गर्न सकिँदैन तर विजय हासिल गर्न नसकेको कुरा चाहिँ तार्किक देखिँदैन ।

चार, तत्कालीन पृथ्वीनारायण शाह र उनका गोर्खाली सेनापतिहरुका लिखित ऐतिहासिक सामग्रीहरुमा 'पामाखोला' भनिएको छ (आचार्य, २०६१) तर पामागढी भनिएको छैन । यदि गढी थियो भने पामाखोला नभनेर पामागढी भनिनुपर्थ्यो ।

पाँच, पृथ्वीनारायण शाहका एक कप्तान धोकलसिं बस्न्यातले स्थापना गरेको एक शिलालेखमा पामाखोलाका अटल राय भन्ने उल्लेख छ । यदि पाप्माखाम गढी किरात राजा नै भएको गढी थियो भने हतुवागढी क्षेत्रका अटल रायलाई पामाखोलाका नभन्नुपर्ने हो ? बरु यो भनाइले पाप्माखाम गढी हतुवागढीसँग सम्बन्धित थियो भन्ने आधार दिन्छ ।

छ, स्थानीय स्रोतव्यक्तिहरुले भनेजस्तै पाप्माखाममा गढी बनाएर बसोबास गर्नका लागि त्यति उपयुक्त स्थान होइन । किनभने, भञ्ज्याङ भएकोले गर्दा त्यहाँ हावा साह्रै धेरै चल्ने गर्छ । त्यस्तो ठाउँमा किरात राजाहरुले शासन गर्ने गढी स्थापना गर्नु अनुकूल देखिँदैन ।

त्यसो भए पाप्माखाम भञ्ज्याङमा रहेको भग्नावशेष केको होला त ? यसको सम्भावित उत्तर स्थानीय स्रोतव्यक्तिहरुले नै दिएका छन् । स्थानीय स्रोतव्यक्तिहरुले अनुमान गरेअनुसार पाप्माखाममा रहेको अवशेष सुरक्षाचौकीको हुनुपर्छ । किनभने, सुरक्षाका दृष्टिकोणले पाप्माखाम ज्यादै रणनीतिक महत्व बोकेको स्थानमा रहेको छ । त्यहाँबाट खोटाङ र भोजपुरतर्फ टाढाटाढासम्म अवलोकन गर्न सकिन्छ । सम्भवतः पाप्माखाम भञ्ज्याङ प्राचीनकालदेखि प्रचलित मूलबाटो पनि हुनुपर्छ जसले गर्दा सुरक्षाचौकी स्थापना गरिएको हुनुपर्छ ।

त्यसो भए कुन गढीको सुरक्षाको लागि स्थापना गरिएको चौकी होला त पाप्माखाम ? त्यस क्षेत्रमा सबैभन्दा नजिकको र प्रभावशाली गढीका रुपमा हतुवागढी रहेको छ । त्यस हिसाबले पाप्माखाममा हतुवागढीले आफ्नो सुरक्षाचौकी स्थापना गरेको हुने सम्भावना धेरै छ । र, एउटा अभिलेखमा 'पामाखोलाका अटल राय' भनेर उल्लेख पनि गरिएको छ । अटल राय *(हेर्नुहोस् परिशिष्ट १)* हतुवागढीमा बसेर चौदण्डीगढीका सेन राजाहरुका तर्फबाट सिङ्गै भोजपुरको शासनप्रशासन हेर्ने व्यक्ति थिए (आचार्य, २०६१; चाम्लिङ, २०७६) । अटल रायले जारी गरेका ऐतिहासिक कागजपत्रहरु भोजपुरको दिङ्ला क्षेत्रमा प्राप्त भएको छ जुन भोगीराज चाम्लिङले सार्वजनिक गरिसकेका छन् (चाम्लिङ, २०७६) । हतुवागढीमा बस्ने अटल रायालाई पामाखोलाका भनिएबाट पनि अनुमान गर्न सकिन्छ कि पाप्माखाममा हतुवागढीले सुरक्षाचौकी स्थापना गरेको थियो ।

## ग. सेनापति बदलसिं

पाप्माखाम गढीमा नेतृत्वदायी व्यक्तिका रुपमा बदलसिं राय थिए भन्ने संक्षिप्त जानकारी स्थानीय स्रोतव्यक्तिहरुबाट प्राप्त भएको छ । उनीबारे थप र विस्तृत जानकारी पाप्माखाम क्षेत्रका स्थानीयहरुबाट प्राप्त हुन नसके पनि हतुवागढीका प्रभावशाली सेनापति थिए भन्ने तथ्य चाहिँ अन्य क्षेत्रबाट प्राप्त भएको छ । धनकुटा क्षेत्रमा बदलसिं रायबारे मौखिक परम्परामा आधारित ऐतिहासिक भनाइ प्रचलित छ । छिन्ताङ ( धनकुटा)तिर प्रचलित मौखिक परम्पराअनुसार उनी पृथ्वीनारायण शाहविरुद्ध युद्धको नेतृत्व गर्ने अटल रायसहित अर्को व्यक्ति थिए । त्यस क्षेत्रमा प्रचलित लोकगीतमा बदलसिंबारे यस्तो भनिन्छ (माबुहाङ र तुङ्घङ, २०७०)-

अटले नु बडले लेगुवानु फुङ्सा
पृथ्वीनारान बाना उक्टा धरती टुङ्सा
*(अटले र बडले लेगुवाबाट आए / पृथ्वीनारान आउँदा धर्ती काम्यो)*

त्यस्तै लिम्बुवानका आतहाङ राय, देवामनि राय, शंख राय, नेम्बाङ राय, थेगिमहाङ रायलाई बदलसिं किराती सेनासहित भागेकोले उनलाई पक्राउ गर्न मदत गर्न १८४८ मा जारी गरिएको उर्दी पनि प्राप्त भएको छ । अर्जुन माबुहाङ र भरत तुङ्घङद्वारा प्रकाशित धनकुटाका भरत तुङ्घङको संरक्षणमा रहेको उक्त उर्दीमा भनिएको छ (२०७०, पृ. ६७)-

*आगे आतहाङ राय देवामनी राय शंख राय नेम्बाङ राय थेगिमहाङ राय गैह्र को कम्पा प्रति पूर्वका तिर हाम्रो ले काम गर्नु अथवा याहाँबाट कृतिमानसिंह विजयपुरका सुब्बा पुवाम पाध्य (पुर्णानन्द पाध्य) वारी किरातका सुवा वदलसिंहरु फौज समेत आउँछन् तिमीहरु सवेक हौ तिमीहरुलाई नगरानिशान दिइ सिपाही गिरीमा राखेको काज पर्दा खटाएका ठाउँमा अघि सरी काम गरौला भन्न निमित्तले हो आज तेमआतिरकाज अढिया आफ्ना घरही सुब्बा पगरी पञ्च हतियार सित तयार भइ यताबाट जान्या भारदारसित चयनपुरमा सिपाही हौ भारदारका सल्लाहले जुनमुखतिर लड्छन् खटाउँछन् त्यसै माफिक गरि लाएका काजमा अघि सरि फत्ते गर त्यस काजमा त पाया तिमीहरु सबैलाई यहाँ दरबार डाकि तिम्रो विन्ति गरेको सुनि थिति रिति गरि बक्स्यौंला नाधिकन काजमा नपुग्या अप्सरिया हौला (दण्डको भागि हौला) इतिसंवत १८४८ साल मिति श्रावण सुदि १ रोज १ शुभम......*

यो उर्दीमा प्रयोग भएको “किरातका सुवा वदलसिंहरु फौज समेत आउँछन्” भन्ने वाक्यले पाप्माखाम क्षेत्रका स्रोतव्यक्तिहरुले भनेझैं उनी हतुवागढीका सेनापति थिए भन्ने स्पष्ट हुन्छ । सेनापति भएकै कारणले पाप्माखाममा सुरक्षाचौकीको नेतृत्व पनि उनले नै गर्दथे भन्ने कुरा तथ्यपरक देखिन्छ । उनी पाप्माखाममा मात्र बस्थे कि हतुवागढीमा बसेर पाप्माखाम सुरक्षाचौकीको पनि नेतृत्व गर्दथे भन्ने कुरा चाहिँ अनुत्तरित नै छ । हुन त त्यसबखत नियमित प्रकृतिको किरात सेनाहरु थिएनन् होला तर खास संख्यामा भने पक्कै पनि नियमित सेनाहरु थिए । त्यही सेनाहरुले पाप्माखाममा पनि सुरक्षाको काम गर्दथे । हुनसक्छ, हिमाधन राईले भनेझैं सैनिक तालिम प्राप्त किरात युवाहरुले पालैपालो सैनिक जिम्मेवारी प्राप्त गर्दथे ।

## घ. लुहुनछा कि सुच्चा ?

पाप्माखाम गढी कसले निर्माण गरेको थियो ? को थिए त्यहाँका शासक ? अहिलेलाई यी आधारभूत प्रश्नको सन्तोषजनक उत्तर प्राप्त गर्न सम्भव भएन । यसअघि गरिएका अध्ययनहरुमा पनि त्यसबारे प्रस्ट उत्तर भेटिएका छैनन् । बरु दाबी र अनुमान मात्रै प्रस्तुत भएका छन् । एकथरिले गढीको निर्माण लुहुनछा र अर्कोथरिले सुच्चाले गरेको हुन सक्ने बताए । यसबारे केही तथ्यहरुका आधारमा यहाँ संक्षिप्त विमर्श गरिएको छ-

एक, अध्येता कमलजंग राईले पाप्माखाम गढी लुहुनछा वंश (पाछा)का बान्तावा राईहरुले निर्माण गरेको र लुहुनछाहरुले पाप्माखाम क्षेत्रलाई मुन्दुमी भौगोलिक नाम 'याङ्कुमा बोब्बी' भन्ने गरेको उल्लेख गरेका छन् ( राई, २०७४) । हुन पनि हो, निकट बस्तीका हिसाबले पाप्माखाम गढीछेउछाउ लुहुनछाहरुकै बस्ती रहेको छ । कटुन्जेलगायतका गाउँमा लुहुनछाहरु नै छन् । तर, गढीवरिपरि जग्गा होम्तोक क्षेत्रका सुच्चा राईहरुको पनि छ । त्यस्तै, लुहुनछाहरुले जस्तै सुच्चाहरु (राई र राई, २०६८)ले पनि आफ्ना पुर्खा सुच्चा र उनका सन्तान रिमिला, बिर्सिखाहरु बसोबास गरेको पुरानो थलो 'याङ्कोप्मा तेन' (वर्तमान कटुन्जे) नै भएको बताउने भएकोले हालका लुहुन र सुच्चाका पुर्खाहरु नै पाप्माखाम गढीसँग सम्बन्धित हुन सक्ने सम्भावना बढी छ ।

दुई, पाप्माखाम गढी क्षेत्रमा सुच्चासँग सम्बन्धित थुप्रै स्थानहरु छन् । नागछाँगा, सुच्चासँग भएको अजम्बरी बुटी, सुच्चाले निकालेको पानी, 'सुच्चा पूजा' इत्यादिले सुच्चा त्यस क्षेत्रका कुनै बखतका प्रभावशाली व्यक्ति थिए भन्ने देखिन्छ । सम्भवतः सुच्चा र लुहुन भनेर अलगअलग वंश (पाछा)मा विभाजित हुनुभन्दा अगाडिका साझा पुर्खा थिए सुच्चा ।

तीन, शाहकालमा पाप्माखाम क्षेत्रमा पर्ने कटुन्जेका नर्सिं राई (लुहुनछा ?)ले १८९४ सालमा लालमोहर प्राप्त गरेका थिए *(हेर्नुहोस् परिशिष्ट २)*। इतिहासकार भगिराज इङ्नामद्वारा प्रकाशित राष्ट्रिय अभिलेखालयमा रहेको उक्त लालमोहर यस्तो रहेको छ (२०७७, पृ. १४८)-

> *स्वस्ति श्री मन्महाराजाधिराज कस्य रुक्का............*
>
> *आगे नर्सि राईके सिकतेलका अम्वल मध्ये. कटौज्या. तेरा वावु वरायज्युले षाई चर्चि आयाको किपट् रहेछ ९३ साल जाचमा दरियाको घर २० को सार्उन्या फागु. मर्‍यो अपुताली पातकी चाक चकुई भेडाभार. अमालमा तिर्न पर्न्या रकम् कलम् मारिमेटि. साल १ को रुपैंया ८० ठेक वंदि लालमोहर गरि वक्स्यौं. साल वसाल ठेक वमोजिम्को रुपैंया अमाली संग दाषील गरि किपट् जानि भोग्य गर ईति सम्वत १८९४ साल मिती चैत्र ... ... ... १२ ... ...*

तत्कालीन अवस्थामा लालमोहर प्राप्त गर्ने व्यक्ति इतिहासमा अथवा समाजमा प्रभावशाली वंशकै व्यक्तिहरुले प्राप्त गर्ने भएकोले कटुन्जेका लुहुनछाहरु पाप्माखाम गढीमा हर्ताकर्ताका रुपमा थिए कि भन्न सकिने आधार दिएको छ । उल्लेखित लालमोहरमा प्रस्ट रुपमा "सिकतेलका अम्वल मध्ये. कटौज्या. तेरा वावु वरायज्युले षाई चर्चि आयाको किपट् रहेछ" भनिएबाट तत्कालीन समयमा पाप्माखाम गढी र त्यस क्षेत्रमा पक्कै पनि लुहुन वंश (पाछा)का बान्तावा राईहरुले प्रभावशाली उपस्थिति थियो भन्न सकिन्छ । फेरि उल्लेखित लालमोहर पृथ्वीनारायण शाहले विजय गरेको जम्मा ६० वर्षपछि मात्रै शाह राजाहरुद्वारा दिइएको हुनाले यति छोटो समयमा समाजका प्रभावशाली व्यक्तिहरुको वंश परिवर्तन हुनु त्यति सम्भव देखिँदैन । यस हिसाबले पाप्माखाम क्षेत्रमा लुहुन र सुच्चाहरुको प्रभावशाली उपस्थिति हुनसक्ने सम्भावना देखिन्छ ।

## ङ. स्थानीय स्वायत्तता र गणतान्त्रिक अभ्यास

गढीहरु तत्कालीन अवस्थाका स्थानीय स्वायत्तताका राजनीतिक अभ्यास गरिने एकाइ हुन् । माझकिरात त्यसबखत चौदण्डी गढीअन्तरगत पर्दथ्यो । सेन राजाहरु चौदण्डी गढीमा बसेर राज्य गर्दथे र पहाडका भूभागका किरात राईहरुका गढीलाई प्रशासनिक रेखदेख गर्नका लागि कर्मचारी र राजकीय जिम्मेवारी दिएर व्यक्तिहरु नियुक्त गरेका हुन्थे । त्यसरी जिम्मेवारी पाएकामध्ये हालको भोजपुर जिल्ला क्षेत्रको नेतृत्व अटल राय (बान्तावा)ले गर्दथे भने खोटाङ जिल्ला क्षेत्रको नेतृत्व चतमे राय (चाम्लिङ)ले गर्दथे (आचार्य, २०६१) । उनै अटल रायको समग्र नेतृत्वमा हतुवागढीको सुरक्षाका लागि पाप्माखाममा सुरक्षाचौकी स्थापना गरिएको हुनुपर्छ ।

स्रोतव्यक्ति हिमालधन राईले पुर्खाहरुबाट प्राप्त गरेको सूचनाअनुसार त्यसबखत स्थानीय किरात शासक (राजा)हरुले जनतासँग जिन्सीमा कर असुल गर्दथे । उनले यसलाई वर्गशोषणका रुपमा अर्थ्याएका छन् । उनी भन्छन्, "त्यसबखत किरातीहरुको नियमित सेना थिएन । चाहिएको बेला सुइ गर्‍यो, जम्मा भयो । युवाहरु सबै युद्धको सिप भएकोहरु हुन्थ्यो । त्यसबखत शोषण चाहिँ तीव्र थियो । आफ्नो घरमा ब्याएको पहिलो गाई, पहिलो भैंसी किराती राजालाई बुझाउनुपर्थ्यो ।" यो भनाइले अर्को के कुरा पनि संकेत गरेको छ भने तत्कालीन अवस्थामा सेनअन्तरगत रहे पनि स्थानीय किरात राजाहरुसँग स्वायत्त आर्थिक अधिकारहरु पनि हुने गर्दथ्यो ।

यद्यपि त्यसबखतसम्म पनि स्थानीय किरात शासकहरुमा निरंकुश राजतन्त्रीय अभ्यास विकास भइसकेको थिएन कि भन्ने केही मौखिक तथ्यहरु पनि प्राप्त छन् । खासगरी मझुवागढी र हलेसी गढीको अध्ययन गर्ने क्रममा स्थानीय किरात शासकहरु तत्कालीन विशेषताअनुसार निर्वाचित हुन्थे भन्ने देखिन्छ । राजाको निधन भएपछि छोराहरु हलेसी गढीमा लाप्पा जुध्दा जित्नेले राजा भएको मौखिक परम्परा प्रचलित छ (चाम्लिङ, २०७९) । त्यस्तै, मझुवागढीमा चाहिँ सत्ता हस्तान्तरणका क्रममा दाजुभाइबीच युद्ध नै भएको मौखिक परम्परा प्रचलित छ (स्थलगत अध्ययन, २०८०) । सम्भवतः हतुवागढीका राजा निर्वाचित गर्नका लागि पनि स्थानीय राजा छनौट गर्ने यस्तै कुनै मौलिक अभ्यास हुन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । पाप्माखाम चाहिँ राजा बस्ने गढीभन्दा सुरक्षाचौकी हुन सक्ने सम्भावना नै बढी भएकोले यहाँ निर्वाचित राजाभन्दा पनि सुरक्षासेनाहरु मात्रै बस्थे होला ।

## च. प्राचीन इतिहास : गोल्मा राजा, गोल्मा रानी

सिङ्गै किरात राई समाजमा गोल्मा राजा र गोल्मा रानीको किंवदन्ती प्रचलित छ । यतिसम्म कि गोल्मा राजा र गोल्मा रानीको किंवदन्तीले संस्कार-संस्कृतिमा समेत स्थान पाएको छ र मुन्दुम वाचन गर्दासमेत नाम पुकार गर्ने गरिन्छ । पाप्माखाम गढी क्षेत्रमा पनि गोल्मे भीर रहेको छ र गोल्मा राजाले सप्तकोसी क्षेत्रका बेलका राजाकी छोरी विवाह गरेर जन्ती ल्याउँदै गर्दा अलप भएको किंवदन्ती प्रचलित छ । यो किंवदन्तीले किरातीहरुको इतिहासको एउटा पाटोलाई उजागर गर्न सक्ने भएकोले यहाँ थोरै केलाउने प्रयास गरिएको छ ।

खासमा किरात राईहरुमा गोल्मा राजा र गोल्मा रानीको किंवदन्तीले किन यति महत्वपूर्ण स्थान पायो ? यो प्रश्न पहिल्याउँदै जाँदा प्राचीन किरात बसोबास क्षेत्र दोलखा जिल्ला क्षेत्रसम्म पुग्नुपर्ने हुन्छ । चरिकोट क्षेत्रमा

गोल्मा राजाको भनिएको दरबारको भग्नावशेष अझै पनि रहेको छ । त्यहाँ दरबारको चौर, परेड खेल्ने मैदान, पानी खाने पोखरीको अवशेष र ऐतिहासिक स्तम्भहरु अझै पनि बाँकी रहेका छन् । त्यस भेगका थामी वंशका किरातीहरुमा प्रचलित किंवदन्तीअनुसार विक्रम संवत् ६०० तिर दोलखा चरिकोट क्षेत्रमा स्यूस्यू भन्ने थामी राजा (हाङ)ले शासन गर्दथ्यो । तामाङ जातिका गोल्माले युद्धमा स्यूस्यूलाई पराजित गरेपछि आफ्नो विरोध नगर्नेहरु थामीहरुलाई बस्न दिएर विरोध गर्नेहरुलाई त्यहाँबाट खेदिपठाए । त्यसरी खेदिनेहरु त्यसभन्दा केही टाढा राङराङ, थली, मास्खाराङ, गुम्पा, आपो क्षेत्रमा गएर बसोबास गरे (थामी, २०५४; थामी, २०५६; दुङ्सुपेरे, २०७३) । स्यूस्यू र गोल्मा वि.सं. ६०० तिरका हुन् भन्ने अझै प्रस्ट आधार खुलस्त भइनसके पनि यसले पूर्वी पहाडमा बसोबास गर्ने किरातहरुबारे चाहिँ एउटा गम्भीर तथ्य उजागर गर्न सक्ने देखिन्छ ।

गोल्मा राजासँग स्यूस्यू पराजित भएको समयमा अहिलेझैं थामी, खम्बू, लिम्बू भनेर अलगअलग परिचय बनाइसकेका थिएनन् । जो दोलखा क्षेत्रमै बसे, कालान्तरमा उनीहरु थामी भए, अरु खम्बू, लिम्बू भए । यसो पनि हुन सक्ने सम्भावना छ । त्यही हुनाले माझकिरात र पल्लोकिरातसम्म फैलिएका किरातीहरुले आफूसँगै गोल्मा राजा र गोल्मा रानीको कथा पनि सँगसँगै लिएर आए । गोल्मा र स्यूस्यू राजाबीचको युद्धको घटना प्राचीन किरातीहरुको जीवनमा आइलागेको ज्यादै कठोर भोगाइ हुनाले त्यो अविष्मरणीय हुन पुग्यो जसले गर्दा किंवदन्ती, सांस्कृतिक अभ्यास र मुन्दुमसम्म पनि मौखिक रुपमा सङ्ग्रहित हुन पुग्यो । यसबाट गोपालराज वंशावलीले लिच्छविहरुबाट पराजित भएपछि किरातहरु पूर्वतर्फ लागे भनेर उल्लेख गरेको सन्दर्भ पनि प्रामाणिक ठहरिने देखिन्छ । अर्को कुरा, प्रामाणिक मितिका रुपमा नभए पनि एउटा आधारका रुपमा लिएर के भन्न सकिन्छ भने किरातीहरु ६०० वर्षअघिसम्म पनि थामी, खम्बू, लिम्बूजस्ता अलगअलग परिचयबाट स्थापित भइसकेका थिएनन् । किनभने, स्यूस्यूलाई पुर्खा मान्ने एकथरिहरु अहिले थामी भनेर चिनिएका छन्, एकथरि चाहिँ राई भनेर चिनिएका छन् ।

भोजपुर जिल्लास्थित साल्पा पोखरीमा तीर्थाटन गर्ने क्रममा किरात राई धामीहरुले 'सै रानी सै-सै, सै राजा सै-सै' भनेर मुन्दुमी गीतहरु गाउने गर्दछन् । सै राजा र सै रानी भनेको गोल्मासँग युद्ध लड्ने स्यूस्यू राजा त होइन ? यसबारे यकिन गर्न चाहिँ थप अध्ययन गर्नुपर्ने हुन्छ ।

## छ. प्राग्इतिहास : पालुङ्गा अर्थात् नागा किरात (!)

पाप्माखाम क्षेत्र प्राचीन समयदेखि मानव बसोबास गरेको क्षेत्र हो । स्थानीयहरुले पाप्माखाम क्षेत्र पुलिक मालाहरु पाइन्थ्यो भनेर जो भनेका छन्, सम्भवतः पुलिक माला प्रयोग गर्ने पालुङ्गाहरु किरातीहरु नै थिए र पाप्माखाम क्षेत्रका रैथाने बासिन्दा थिए । ती रैथाने किरातीहरुसँग काठमाडौंमा लिच्छविहरुबाट विस्थापित भएर पूर्वतर्फ आएका किरातीहरु पनि मिसिए । त्यस क्रममा ती दुईथरि किरातीहरु एकआपसमा अन्तरघुलन भए । र, त्यो अन्तरघुलनका लागि लामो समय लागेको थियो भन्ने संकेत चाहिँ अहिले मौखिक परम्परामा जीवित किंवदन्तीहरुले दिएका छन् । स्थानीय स्रोतव्यक्तिहरुले पुर्खाहरुबाट सुनेअनुसार पालुङ्गाहरुसँग संघर्ष चलेको र उनीहरु विस्थापित भएको कुराले गरेको प्रस्ट संकेत यही हो । अहिले पनि किरात राईहरुभित्र पालुङ्गा वंशकै किराती भनेर चिनिनेहरु पनि छन् भन्ने कतिपय अध्येताहरुले औंल्याउने गरेका छन् । कतिपय स्थान अहिले पनि पुलिक मालावाला पालुङ्गाहरुको गाउँ हो भन्ने भनाइहरु पनि सुन्न पाइन्छ ।

किरात राई मुन्दुमी मिथकहरुले पनि पुलिक मालावाला पालुङ्गाहरुसँग सांस्कृतिक अन्तरघुलन भएको बताउँछ । मिथकले भन्छ कि किरात राईहरुका पुर्खा हँछा र पुलिकमालावाला नागकन्या सिकुरिमाबीच विवाह भयो ।

विवाहका लागि स्वीकृति प्राप्त गर्न पुलिक माला दिनैपर्ने भएपछि सिकुरिमाले आफ्नै बाबुको पुलिक माला चोरेर हँछालाई दिइन् । हँछाले त्यो पुलिकमाला नागराजालाई दिएपछि विवाहका लागि स्वीकृति प्राप्त भयो । यो मुन्दुमी मिथक र गाउँघरमा अहिले पनि पुलिक माला पाइने चिहानहरु चाहिँ पालुङ्गाहरुको हो भन्ने भनाइबीच तादात्म्यता खाएको देखिन्छ । हुन सक्छ, कतिपय स्थानमा पालुङ्गा र राईका पुर्खाहरुबीच संघर्ष भयो, विस्थापित पनि भए, कतिपय ठाउँमा राई र पालुङ्गाहरुको स्वतन्त्र अस्तित्व नै बदलिएर एकआपसमा अन्तरघुलन भए । कतिपय स्थानमा चाहिँ कुनै समयमा ज्यादै खडेरी लागेर पुलिक मालावालाहरु बसाइँ सरेर गए र त्यसरी बसाइँ जानेहरु अहिले नागाल्यान्डतिर छन् भन्ने भनाइ पनि छ । अहिले गाउँगाउँबाट चिहान खनेर बेचिने पुलिक मालाहरु तिनै नागाल्यान्डका नागाहरुले हाम्रो पुर्ख्यौली माला हो भनेर किन्ने गरेका छन् भनिन्छ । र, नागाहरुसँग लामो समय बसेर आएकाहरुले भनेअनुसार नागाल्यान्डका एकथरि नागाहरुले आफूलाई किराती बताउने गरेका छन् र आफ्नो पुर्ख्यौली थलो हालका पूर्वी पहाडका किरात भूगोललाई बताउने गरेका छन् ।

पूर्वी पहाडमा चिहानहरुमा भेटिने पुलिक माला कति समय अगाडिको हो भनेर ठ्याक्कै भन्न सकिने अवस्था छैन । किनभने, ती चिहानहरुको वैज्ञानिक उत्खनन भएका छैनन् । यदि वैज्ञानिक उत्खनन गरेर पुलिकमाला र चिहानहरुको समय निर्धारण गर्ने हो भने इतिहासको एउटा पाटो खुल्ने पक्का छ । यद्यपि अहिलेलाई तुलनात्मक अध्ययनका आधारमा अनुमानित समय आँकलन गर्ने हो भने चाहिँ ती पुलिक मालाहरु प्राग्ऐतिहासिक हुन् । सिन्धुघाँटीमा गरिएको पुरातात्विक उत्खननले इसापूर्व दोस्रो र पहिलो शताब्दी (४०००-३००० वर्ष)मा पुल्लिक मालाको उत्पादन हुने र त्यहाँबाट सेन्ट्रल एसिया र चीनको पश्चिमी सिन्जियाङसम्म व्यापार हुन्थ्यो (Blackburn, 2003/2004) भन्ने अध्येताहरुले बताएका छन् । यदि त्यसो हो भने सिन्धुघाँटीका पुलिक मालाहरु बढीमा ४००० वर्ष र घटीमा ३००० वर्षपहिला नेपाली भूभाग हुँदै चीनको सिन्जियाङसम्म पुग्थ्यो । यस हिसाबले किरात प्रदेशमा भेटिने पुलिक मालाहरु त्यही प्रभावबाट निर्माण गरिएका वा चीनसम्म जाने पुलिकको प्रयोग नागा किरातहरुले गरेको अनुमान गर्न सकिन्छ । अहिलेलाई पुलिक मालाका आधारमा भन्दाखेरि किरात प्रदेश र पाप्माखाम क्षेत्रमा प्राग्इतिहासदेखि नै मानव बसोबास थियो भनेर आँकलन गर्न सकिन्छ ।

## ३.२ दुब्देङ भीर

### क. दुब्देङहाङ : पृथ्वीनारायण शाहभन्दा अघि कि पछिका ?

दुब्देङहाङ को थिए ? कहिलेका थिए ? किन विस्थापित भए ? यस्ता आधारभूत प्रश्नहरुको जवाफ दुब्देङ भीरको नजिक रहेको माटिकोरे गाउँबाट प्राप्त हुन सकेन । यसको अर्थ यसको जवाफ प्राप्त हुनै सक्दैन भन्ने होइन बरु स्थलगत अध्ययन दुब्देङ ओडार (भीर) क्षेत्रमा मात्रै सीमित नगरेर दुब्देङ वंश (पाछा) राईहरु फैलिएका ठाउँहरुसम्म गर्दा केही न केही थप तथ्यहरु प्राप्त हुन सक्ने सम्भावना छ भन्ने तथ्य अध्येता चन्द्रकुमार राई 'हतुवाली'ले दिएका छन् । त्यस आधारमा दुब्देङहाङबारे केही छलफल गरिएको छ ।

हतुवाली (२०७८)ले विस्थापित भएर हतुवागढी क्षेत्र पुगेका दुब्देङहरुले आफूहरु दुब्देङहाङका सन्तान भएको र पृथ्वीनारायण शाहका गोरखाली सेनासँग लडाइँमा पराजित भएर विस्थापित भएको बताउने गरेको मौखिक इतिहास संकलन गरेका छन् । तर, यस भनाइलाई प्रामाणिक ठहर गर्ने आधारहरु स्थलगत अध्ययनका क्रममा लगभग भेट्न सकिएन । त्यसो हुनाले कतै अरु कोहीकसैसँग भएको युद्धलाई पृथ्वीनारायण शाहसँग भएको

पछिल्लो युद्धसँग सन्दर्भित गरिएको त होइन भन्ने प्रश्न खडा भएको छ । त्यसरी हेर्दा दुब्देङहाङलाई पृथ्वीनारायण शाहको समकालिन होइन, त्यसभन्दा धेरै अगाडिका हुन् भन्ने प्राक्कल्पना यहाँ गरिएको छ ।

यसपटकको स्थलगत अध्ययनले नै पनि दुब्देङ ओडार क्षेत्रमा रहेको घोडा दौडाउने, परेड खेल्ने चौर जो छ, त्यस्तै मार्से खेतमा भेटिने माटाका भाँडा, गोठ बनाउँदा भेटिएका वस्तु, ताराखेत, दुब्देङहाङको चिहान भएको भनिने दुब्देङ ओडारमा भेटिएका माटाका भाँडाका टुक्राहरु र युद्धमा सहभागी भएर फर्किंदा दुब्देङहाङका हात रगतले कक्रक्क भएकोजस्ता सूचनाहरुले केही ऐतिहासिक तथ्यहरुतर्फ संकेत गरेको छ । त्यति मात्रै होइन, पृथ्वीनारायण शाहका सेनासँगको भिषण संघर्षमा निधन भएको भन्ने भनाइले उनी पृथ्वीनारायण शाहका पालाका स्थानीय किरात राजा रहेछन् भन्न सकिन्छ । तर, त्यस क्षेत्रमा गढीजस्तो लाग्ने कुनै संरचना पनि उपलब्ध छैन । यदि राजा भएको भए गढी अवश्य हुनुपर्थ्यो । यस कुराले चाहिँ मलाई दुब्देङहाङ पृथ्वीनारायण शाहभन्दा अगाडिका हुन् भन्ने अनुमान गर्न बाध्य बनाएको छ । दुब्देङहाङ पृथ्वीनारायण शाहभन्दा अगाडिकै थिए कि भन्ने केही आधारहरु हुन्-

एक, हतुवागढी क्षेत्रमा पुगेका दुब्देङहाङका सन्तानहरुले अहिले आफूलाई दुब्देङ भनेर चिनाउने गर्दछन् । उनीहरुकै भनाइअनुसार उनीहरु युद्धबाट विस्थापित भएका हुन् । उनीहरु हतुवागढी क्षेत्रमा कति पुस्तादेखि बसोबास गरिरहेका छन् भन्ने यकिन गर्न सकेमा यो भनाइको सत्यता जाँच गर्न सकिन्थ्यो । कम्तीमा पनि दुब्देङ ओडारको सबैभन्दा नजिक रहेको बस्ती माटिकोरेमा ८ पुस्तादेखि बसोबास गरिरहेका दुङ्भोछा वंश (पाछा)का चाम्लिङ राईहरुलाई दुब्देङहाङका सन्तानहरु त्यस क्षेत्रबाट किन विस्थापित भए भन्ने किंवदन्ती नसुनेको बताएको कुराले दुब्देङ कम्तीभन्दा कम्तीमा पनि २०० वर्षभन्दा अगाडिका हुन् भन्ने आँकलन गर्न गाह्रो पर्दैन । तर, २०० वर्षभन्दा निकै अगाडिको प्रतीत हुन्छ दुब्देङहाङ ।

दुई, पृथ्वीनारायण शाहभन्दा धेरै अगाडिका थिए कि दुब्देङहाङ भन्ने आँकलन गर्ने अर्को आधार गढीको संरचना नभेटिनु हो । पृथ्वीनारायण शाहले आक्रमण गर्दाका बखत किरातीहरुले गढीहरु निर्माण गरेर शासन गर्ने गरेको देखिन्छ । यदि दुब्देङहाङ पनि पृथ्वीनारायण शाहका समकालिन भएको भए दुब्देङभीर क्षेत्रमा अवश्य गढीको अवशेष बाँकी रहनुपर्ने हो । किनभने, पृथ्वीनारायण शाहसँग युद्धमा पराजित किरात गढीका अवशेषहरु ज्यूँका त्यूँ छन् । तर, दुब्देङ भीर क्षेत्रमा गढीको कुनै अवशेष देखिँदैन । मैले चाम्लिङ राजा होलैसुङ र उनका सन्तानसँग सम्बन्धित हलेसी गढीको अध्ययन गर्दा प्राप्त तथ्यसँग तुलना गरेर हेर्ने प्रयास गरेको छु । अहिले हलेसी गढीमा जुन गढीको अवशेष छ, त्यो लगभग ४०० वर्षअघिको हो । तर, हलेसी क्षेत्रका प्रथम किरात शासक होलैसुङका समयमा गढी निर्माण गरिएको थिएन । अहिले होलैसुङको घर भएको भनिने ठाउँमा सामान्य चौर र घरका एकादुई ढुंगा मात्रै भेटिन्छ । यसको अर्थ हो, ४०० वर्षभन्दा अगाडि हलेसी क्षेत्रमा गढी निर्माण नगरी स्थानीय शासनप्रशासन सञ्चालन गरिन्थ्यो । दुब्देङभीर क्षेत्रमा पनि गढीको अवशेष नभेटिएको हुँदा कतै दुब्देङहाङ पनि ४०० वर्षभन्दा अगाडिका त होइनन् भनेर विमर्श गर्न सकिन्छ ।

तेस्रो आधार, स्थानीय एकजना स्रोतव्यक्ति दुब्देहाङ राजा चीनको नाकासम्म पुगेर लडाइँ गर्थ्यो र घर फर्किंदा खुनले गर्दा हातबाट तरबार फुकाउन तातो पानीले पखाल्नुपर्थ्यो भन्ने भनाइले भिषण लडाइँका कारण दुब्देङहाङ राजा विस्थापित भएको हुन सक्नेतर्फ संकेत गरेको छ । सम्भवतः त्यसबखत दुब्देङका छिमेकी किरात शासकहरुसँग संघर्ष चलिरहन्थ्यो । त्यही क्रममा कोहीकसैसँग दुब्देङहाङ पराजित भएको हुन सक्छ । तर, युद्धमा पराजित भएका व्यक्तिको चिहान ओडारमा नहुनुपर्ने भन्ने प्रश्न पनि खडा हुन्छ । त्यो पनि व्यवस्थित प्रकारले चिहान निर्माण गरिएको थियो भन्ने भनाइले हामीलाई अर्कै सम्भावनातर्फ डोर्याउँछ । त्यो के भने सम्भवतः त्यसबखत शिकार खेल्ने जमिन, माछा मार्ने खोलानदी, कृषिभूमिलगायत क्षेत्र विस्तारका

लागि स्थानीय किरात राजाहरुबीच बर्चस्वको संघर्ष चलिरहन्थ्यो । त्यस्तो संघर्ष दुब्देङहाङका पालामा पनि चल्थ्यो । कतै छिमेकी किरात राजासँग पराजित भएर विस्थापित भएका त होइनन् दुब्देङहाङ ? यससम्बन्धी निकटत्तम सत्यसम्म पुग्नका लागि विस्थापित भएर अन्यत्र फैलिएका दुब्देङहरुको पुस्तावली अध्ययन गर्नु जरुरी छ । यदि पुस्तावलीले उनीहरु ती ठाउँहरुमा बसोबास गर्न थालेको १० पुस्ताभन्दा बढी भएको छैन भने पृथ्वीनारायण शाह र दुब्देङ समाकालिन हुन सक्छन् भन्न सकिन्छ । किनभने, एक पुस्तालाई सामान्यतया २५ वर्ष मान्ने हो भने २५० वर्ष हुन्छ जुन पृथ्वीनारायण शाहको समयसँग मिल्दोजुल्दो हुन पुग्छ । तर, १० पुस्ताभन्दा बढी भएमा पृथ्वीनारायण शाहभन्दा अगाडि हुन् दुब्देङहाङ भन्नुपर्ने हुन्छ । (यसका थप विस्तारित स्थलगत अध्ययन जरुरी छ ।)

## ख. तत्कालीन विकास

दुब्देङभीर क्षेत्रआसपास चिहानमा कट्टी (तरबार)लगायतका हातहतियार भेटिनु, मार्से खेतमा अहिले पनि माटाका भाँडाका टुक्राहरु फेला पर्नु, मार्से खेतमै चिहान खन्दा मट्टीमालाहरु भेटिनु जस्ता कुराले कुनै बेला त्यस क्षेत्रको विकास राम्रै भएको थियो भन्न सकिन्छ । माटाको भाँडा र फलामका औजारको प्रयोग उन्नत अवस्थाकै द्योतक हो । त्यस्तै, दुब्देङहाङको भनिएको ओडारको चिहानसमेत सिमेन्टजस्तै बलियोसँग जोड्ने वस्तुबाट ढुंगा जोडेर निर्माण गरिएको थियो भन्ने कुराले पनि त्यसबखतका सापेक्षतामा राम्रै विकास भएको थियो भन्ने देखिन्छ । त्यस्तै, अर्को कुरा के भने पृथ्वीनारायण शाहले विजय गरेपछि किरात बस्तीहरुमा खस-आर्यहरुसँगै दलितहरुको पनि प्रवेश भएपछि वर्णव्यवस्थाबाट प्रभावित भएपछि मात्रै किरातीहरु धातुका कामबाट अलग्गिएका हुन् भन्ने पनि यी तथ्यबाट स्पष्ट हुन्छ ।

## ग. दुब्देङ घर

भौगोलिक अवस्थिति, पानीको उपलब्धता इत्यादि हेर्दा दुब्देङहाङको घर रहेको ठाउँ मार्से खेत या दुब्देङ ओडारभन्दा माथि रहेको पाण्डेको जग्गामा रहेको पाखाबारीमा हुनुपर्ने जस्तो लाग्छ । तर, स्थानीयहरुले बताएको परेड खेल्ने चौर अर्थात् टुँडिखेल चाहिँ मार्से खेत र पाण्डेको पाखाबारीभन्दा थोरै तल पर्दछ । टुँडिखेल एकातिर दुब्देङहाङ बसोबास गर्ने घर चाहिँ माथि खेत र पाखाबारी क्षेत्रमा हुनु त्यति सम्भव देखिँदैन । किनभने, मैले आजसम्म गरेको गढीहरुको अध्ययनले के देखाएको छ भने जहाँ राजाको मुख्य घर हुन्छ त्यहीं नजिकै टुँडिखेलजस्तो मैदान रहेको देखिन्छ । त्यस हिसाबले हेर्दा दुब्देङको घर परेड खेल्ने चौर भएकै गराबारीको कुनातिर हुनु धेरै सम्भव छ । यद्यपि घरको खास जग भने त्यस क्षेत्रमा देखिँदैन । सम्भवतः खेतीपातीका क्रममा हराएको पनि हुन सक्छ ।

## घ. जीविका : कृषि र शिकार

माटोको भाँडाको प्रयोग मानव पुर्खाहरुले खेतीपाती गरेर स्थायी रुपमा एकैठाउँमा बस्न थालेपछि मात्रै सुरु भएको हो । जब खेतीपाती गरेर अन्न फलाउन सुरु गरियो, त्यसपछि पकाएर खानका लागि भाँडाकुँडाहरुको प्रयोग सुरु भएको हो । यसको अर्थ हो, दुब्देङ क्षेत्रमा खेतीपाती पनि राम्रोसँग गरिन्थ्यो र धेरै पहिलादेखि

जीविकोपार्जनको माध्यम कृषि थियो । यद्यपि यससँगसँगै शिकार पनि जीविकोपार्जनको सहयोगी माध्यम थियो भन्ने कुरा ताराखेतमा धनुकाँडले तारो हान्ने मौखिक भनाइबाट देखिन्छ ।

अर्को कुरा, मौखिक परम्पराबाट प्राप्त ऐतिहासिक सूचनाले पनि दुब्देङहाङका पालामा कृषि र पशुपालनमा राम्रै प्रगति थियो भन्ने देखिन्छ । सम्भवतः दुधकोसीपारि उदयपुरतिरका मितराजा किच्चकलाई भेटेर फर्किंदा आमचोकमा साँवा (भैंसी) पालन गरेको स्थानलाई साँवाखोर, अदुवा रोपेको ठाउँलाई बेछुक्खा, मकै रोपेको ठाउँलाई दाङ्खा र सुँगुर पालेको ठाउँलाई बाकखोरा (हतुवाली, २०७८) भनिनुले त्यही संकेत गरेको छ । तर, यहाँ छलफल गर्नुपर्ने एउटा कुरा चाहिँ छ मकै ।

यदि दुब्देङहाङले मकै खेती गरेको कारणले दाङ्खा भनिएको हो भने उनी पूर्वी पहाडमा मकैको खेती सुरुवातकर्ता हुन् । यदि यो कुरा साँचो हो भने दुब्देङहाङ ५०० वर्षभन्दा उता होइन, यताका हुन् किनभने नेपालमा मकै खेतीको सुरुवात ५०० वर्षयता मात्रै सुरु भएको भनिन्छ । मकैकै आधार उनको समय आँकलन गरौं कि ५०० वर्षअघि भित्रिएको मकैको बिउ पूर्वी पहाडसम्म पुग्न कति वर्ष लाग्यो होला ? १०० वर्ष लाग्यो भनेर मान्ने हो भने दुब्देङहाङ ४०० वर्षअघिका हुनसक्छन् भन्न सकिन्छ । यसबारे अध्ययन कृषिविज्ञहरुले गर्ने हो, खालि यहाँ समय आँकलनसम्म गर्न खोजिएको हो ।

अर्को तरिकाले पनि के छलफल गर्नुपर्ने छ भने बान्तावा राई भाषामा 'दङ' भनेको 'निगालो' र 'खा' भनेको 'घारी' पनि हुने भएकोले 'दाङ्खा' गाउँको नाम निगालोघारी भएको हुनाले राखिएको हो भन्ने भनाइ पनि छ ( हतुवाली, २०७८) । त्यसैले मकै या निगालो भन्ने कुराले दुब्देङहाङसम्बन्धी इतिहासको व्याख्या पनि निर्धारण हुने देखिन्छ ।

## ङ. माटाका भाँडा र मानव बसोबास

दुब्देङ ओडार र मार्से खेतमा मूलतः तीनथरि माटाका भाँडाका टुक्राहरु प्राप्त भएका छन् । दुब्देङ भीरनजिकै रहेको मार्से खेतमा कुनै बेला भाँडा बनाइन्थ्यो भन्ने कुरा अहिले भेटिने माटाका भाँडाका टुक्राहरुबाट थाहा हुन्छ । मार्से खेतमा पाइएका माटाका भाँडा पातलो छ, चिल्लो छ र रातो रंगको छ । स्थानीयहरुसहित लगभग १५ मिनेटजति खोज्दा हामीले सजिलै खेतका गरा र भित्ताहरुमा माटाका भाँडाका टुक्राहरु फेला पार्‍यौं । खेतैभरि यस्ता टुक्राहरु छरपस्टिएका छन् । यसले त्यहाँ कुनै बखत माटाको भाँडा बनाउने उद्योग राम्रै चलेको थियो भन्ने स्पष्ट हुन्छ ।

दुब्देङ ओडारमा भेटिएका माटाका भाँडाका टुक्राहरु भने मार्से खेतमा भेटिएकाभन्दा पूर्ण रुपमा भिन्न छन् । ओडारमा भेटिएका एकथरि माटाका भाँडाका टुक्राहरु बाक्लो, खस्रो, पूर्ण कालो, रातो-कालो रंग मिसिएका छन् । यी अपरिष्कृतखालका छन् । अर्कोथरि चाहिँ पातलो छ, चिल्लो छ र कालो पनि छन् । यी मार्से खेतकै जस्तो परिष्कृत छन् तर मार्से खेतमा भेटिएको जस्तो रातो रंगका छैनन् । त्यस्तै, ओडारमा भेटिएकै जस्तो कालो रंगको माटाको भाँडो खत्रीहरुले गोठको जग खन्दा पनि भेटेका थिए भन्ने स्थानीयहरुको भनाइ छ ।

अब मार्से खेतमा कहिले बनाइन्थ्यो माटाका भाँडा ? यसबारे स्थानीयहरुबाट कुनै सूचना प्राप्त हुन सकेन । उनीहरुले बाबुबाजे कसैबाट पनि यहाँ कुमालेहरु बसेका थिए भनेर नसुनाएको बताए । यसको अर्थ हो, मार्से खेतमा माटाका भाँडाको काम पृथ्वीनारायण शाहकालभन्दा अगाडि गरिन्थ्यो अर्थात् किरातहरुले नै माटाका भाँडा बनाउँथे ।

तुलनात्मक अध्ययन गर्ने हो भने दुब्देङ ओडारमा भेटिएका खस्रो, बाक्लो र कालो रंगका माटाका भाँडाका टुक्राहरु पहिलो चरणका हुन् । ओडारमै भेटिएका कालो तर चिल्लो पातलो टुक्राहरु पहिलो चरणभन्दा पछि बनेका माटाका भाँडाहरु हुन् । र, मार्से खेतमा भेटिएका माटाका भाँडाका टुक्राहरु तेस्रो चरणमा बनेका परिष्कृत माटाका भाँडाका टुक्राहरु हुन् । त्यस हिसाबले मार्से खेतमा भेटिएका टुक्राभन्दा दुब्देङ ओडारका माटाका भाँडाका टुक्राहरु पुराना हुन् । त्यसको अर्थ हो, मार्से खेतमा पाइएका माटाका भाँडाहरु बनाउनुभन्दा अगाडि पनि त्यस क्षेत्रमा मानव बसोबास गर्थ्यो । दुब्देङ ओडारमा कालो रंगको माटाको भाँडाका टुक्राहरु मात्रै भेटिएको दुब्देङहाङ कालो रंगको माटाको भाँडा बनाउने समयका थिए भन्न सकिन्छ । खत्रीहरुले गोठको जग खन्दा भेटेको कालो रंगका माटाका भाँडाहरुलाई आधार मान्ने हो भने दुब्देङहाङभन्दा पनि नै त्यहाँ कालो रंगको माटाको भाँडा प्रयोग गर्ने मान्छेहरु बस्थे । सम्भवतः ती चाहिँ पुलिक माला प्रयोग गर्ने पालुङ्गाहरु हुन सक्छन् । यी माटाका भाँडाहरु कति प्राचीन होलान् ? यसबारे अहिले नै यसै भन्न सकिने अवस्था छैन । तर, दुब्देङ भीर क्षेत्रमा मानव बसोबास निकै पहिलेदेखि थियो भन्ने चाहिँ सहजै बताउन सकिन्छ ।

खासगरी भारतमा गरिएका पुरातात्विक उत्खननहरुले कालो रंगका माटाका भाँडा जसलाई नदर्न ब्ल्याक पोलिस्ड (NBP) भनिन्छ, त्यस्ता भाँडाको समय इसापूर्व ६००-३०० अर्थात् २६०० देखि २३०० वर्ष प्राचीन मानिएको छ (Lal, 1955) । अब यससँग तुलना गरेर भन्ने हो दुब्देङ गुफाका माटाका भाँडाका टुक्राहरु २००० वर्षभन्दा प्राचीन हुन् । तर, त्यति पुरानो हो कि होइन चाहिँ भन्न सकिँदैन । यद्यपि यससम्बन्धी पुरातात्विक अध्ययनबाट प्रमाणित हुन सकेमा दुब्देङ ओडार क्षेत्रले पूर्वी पहाडको इतिहास अध्ययनमा एउटा गतिलो प्रमाण दिन सक्छ । मार्से खेतमा भेटिएका रातो रंगका माटाका भाँडाहरु चाहिँ तुलनात्मक रुपमा अलि पछिका हुन् ।

*अध्याय ४*

# संरक्षण

## ४.१ पाप्माखाम गढी

पाप्माखाम गढी संरक्षणका लागि यसअघि भएका कामहरुमा थप केही गर्ने हुन लागेको स्थलगत अध्ययनका क्रममा थाहा भयो । स्थानीय स्रोतव्यक्तिहरुले दिएको जानकारीअनुसार प्रदेश सरकारले पाप्माखाम गढी संरक्षणका लागि २० लाख रुपैयाँ अनुदान रकम दिने भएको छ । त्यसबाट केकसरी गढीको संरक्षण गर्न सकिन्छ ? के कस्तो योजना बन्दै छ ? भन्नेबारे पनि स्थानीय सरोकारवालाहरुसँग कुराकानी गरिएको थियो । त्यस क्रममा उनीहरुले मूलभूत तीनवटा काम गर्ने अनौपचारिक छलफल चलिरहेको बताए-

एक, पुरातात्विक सम्पदा भएकोले गढीको भग्नावशेषलाई नचलाउने बरु गढीवरिपरि ढुंगाको सुख्खा गारो लगाउने । ढुंगा जोड्नका लागि सिमेन्टले टिपकारी गर्ने ।

दुई, गढीभित्र खालि जमिनमा बस्न र रमिता हेर्नका लागि केही बेन्चहरु राख्ने ।

तीन, गढीवरिपरि सिमेन्टको १२ वटा पिल्लर बनाउने, त्यसमाथि भोजपुरको पहिचान बनेको खुकुरी राख्ने । १२ वटा खुकुरी राख्नुको आधारबारे हिमालधन राईले यस्तो बताए, “त्यो बेलाको युद्धको नियम १२ चोटिसम्म युद्ध गर्ने रहेछ । किरातीहरु ग्वाँ (पराजित) भएपछि पाल्लेघारीबाट सिक्तेल खोला हुँदै पृथ्वीनारायणका सेनाहरु हतुवागढीमा गएको हो ।” तत्कालीन युद्धनियम झल्काउन गढीवरिपरि १२ वटा पिलर स्थापना गर्ने सोच स्थानीयहरुको रहेको छ ।

स्थलगत अध्ययनबाट प्राप्त भौतिक अवस्था, पुरातात्विक महत्व तथा पर्यटकीय आकर्षणलाई मध्यनजर गर्दै पाप्माखाम गढी संरक्षण र विकासका लागि निम्न बुँदामा कार्ययोजना प्रस्ताव गरिएको छ-

एक, पाप्माखाम गढीमा गर्नुपर्ने प्राथमिक काम भनेको गढीको भग्नावशेषलाई जस्ताको जस्तै ऐतिहासिक सम्पदाका रुपमा सुरक्षित राख्नु हो । त्यसका लागि स्थानीयहरुले योजना सुनाएजस्तै ढुंगाको बन्धिलो गारो लगाएर गढीलाई घेरेर राख्नु हो । तर, त्यसरी घेरा लगाउँदा सिमेन्टको प्रयोग गर्नु हुँदैन किनभने पुरातात्विक महत्वका क्षेत्रमा सिमेन्टको प्रयोग गर्न वर्जित छ । सिमेन्टको आयु हुने भएकोले त्यो निश्चित समयपछि बिग्रिएर जान्छ । त्यसकारण पुरातात्विक स्थलमा प्रयोग गर्न अनुमति दिइने सुर्खी (सुर्की)को प्रयोग गरी ढुंगाको पर्खाल निर्माण गर्नुपर्छ । सुर्खी (सुर्की) सिमेन्टभन्दा धेरै लामो समयसम्म टिकाउ पनि हुन्छ र यो सिमेन्टजस्तो कृत्रिम वस्तु नभएर प्राकृतिक रुपमा निर्माण गरिएको हुन्छ । अहिले निजीसहित जति जमिन ओगटेर पाप्माखाम गढीलाई पर्खाल र तारजालीले घेरा लगाइएको छ, त्यसलाई नघटाइ बरु सम्भव भएमा क्षेत्रफल बढाएर ढुंगा-सुर्खी (सुर्की)को पर्खाल निर्माण गर्नु राम्रो हुने छ ।

दुई, पर्खाललाई सामान्य गारोका रुपमा मात्रै नभएर ऐतिहासिकता झल्किने पर्खालका रुपमा निर्माण गर्नु उपयुक्त हुने छ । त्यसका लागि पर्खालका बीचबीचमा युद्धको स्मृति झल्काउन राम्रो गुणस्तरको ढुंगा या धातुमा कुँदिएको धनुकाँड; पाप्माखाम गढीमा किराती र गोरखाली सेनाबीच भएको युद्धको झल्को आउने ढुंगा या धातुमा कुँदिएको चित्र तथा किरातीहरुको मौलिक संस्कृतिको प्रतिनिधित्व गर्ने ढुंगा या धातुमा

कुँदिएको सांस्कृतिक प्रतीकहरु चिन्डो, ढोल, झ्याम्टा इत्यादिहरु राख्न सकिन्छ । धातु या ढुंगामा कुँदिएका यस्ता चित्रहरुलाई रिलिफ आर्ट (relief art) भनिन्छ ।

तीन, खोटेहाङ गाउँपालिकातर्फ जाने सडकले गढीलाई घेरा लगाइएको ढुंगाको गारोको जग असुरक्षित हुन पुगेको छ । त्यसैले गढीको जग बलियो बनाउन सडकबाटै ढुंगाको गारो उठाउनु आवश्यक छ ।



बुँदा तीनसँग सम्बन्धित

चार, गढीलाई अतिक्रमण गरी बनाइएका घरटहराहरु हटाउनु जरुरी छ ।

पाँच, गढीको भग्नावशेषभन्दा दक्षिणतर्फ सडकतिरको चार गरा खालि जग्गामा माथिबाट दोस्रो या तेस्रो गरामा शिलालेख चौतारा स्थापना गर्नुपर्ने देखिन्छ । कुनै व्यक्तिको स्मृतिमा स्थापना गरिने किरात राईहरुको मौलिक संस्कृति भएकोले जमिनमुनि नखनीकन गराबारीमै पाप्माखाम गढीबारे सम्पूर्ण ऐतिहासिक तथ्यहरु कुँदेर गुणस्तरीय ढुंगामा चौतारा (किताबढुंगा) राख्नु आवश्यक छ । यसले हाललाई गढीबारे जानकारी दिने छ भने जुगौंजुग ऐतिहासिक तथ्य सुरक्षित गर्ने छ । यसरी निर्माण गरिने चौतारा पनि ढुंगा र सुर्खी (सुर्की) प्रयोग गरेर गर्नुपर्ने हुन्छ ।

छ, प्रवेशद्वारबाट भित्र छिर्ने गराबारीमा गढीको भग्नावशेष नै असुरक्षित हुने गरी बाटो खनिएको छ । यसप्रकारको खन्ने, उधिन्ने, भत्काउने कार्य बन्द गरिनुपर्छ ।

सात, गढीको प्रवेशद्वार निर्माण गर्दा ढुंगा र सुर्खी (सुर्की) प्रयोग गरी गढीको जगको झल्को आउने गरी निर्माण गर्नुपर्छ । बहुमत स्थानीयहरुले गढीको जग चारपाटे थियो भनेको हुनाले ढुंगा र सुर्खी (सुर्की) प्रयोग गरी अग्लो गारो निर्माण गरी साल (सखुवा)को ढोका लगाउने । ढोकाका दुई पाटामध्ये एकातर्फ ऐतिहासिक स्थलको झल्को दिन धनुकाँड खोप्ने, अर्को पाटामा गढीको नामकरण स्पष्ट गर्न पापाप्मा ( चिप्लेकिरा) खोप्ने ।

आठ, त्यस्तै पाप्माखाम नामकरणको स्रोत स्पष्ट गर्नका लागि गढीवरिपरि निर्माण गरिने पर्खालमा र चौतारोको ढुंगामा पनि पापाप्मा (चिप्लेकिरा) कुँदेर राख्ने ।

नौ, गढीसँगै जोडेर पूर्वतर्फबाट माथि डाँडातिर जाने गरी बनाइएका सिँढीका लागि गढीकै जमिन ताछिएको देखिन्छ । यसले गढीको जमिन र भग्नावशेष नष्ट हुने खतरा देखिएको छ । त्यसैले त्यहाँ पनि ढुंगाको गारो लगाउन जरुरी देखिन्छ ।



बुँदा नौसँग सम्बन्धित

दश, बस्नका लागि गढीको भग्नावशेष रहेकोभन्दा दुई गरामुनिका खालि सुर्काहरुमा मुन्दुम पदमार्गमा झैं ढुंगाका आसनहरु निर्माण गर्ने ।

एघार, गढीभित्र भग्नावशेषभन्दा मुनिका गराबारीहरुमा मात्र हिँड्नका लागि ढुंगा र सुर्खी (सुर्की)ले चिटिक्कका बाटोहरु निर्माण गर्ने ।

बाह्र, गढीभित्र भग्नावशेषभन्दा मुनिका गराबारीहरुमा रमणीयताका लागि दुबो रोप्न सकिन्छ, ठूला रुख नहुने मुन्दुमी तथा सांस्कृतिक वनस्पतिहरु रोप्न सकिन्छ ।

तेह्र, चारवटा सडक भेट हुने तथा पर्यटकीय सम्भावनाका दृष्टिले पनि महत्वपूर्ण हुन सक्ने सम्भावना भएको हुनाले पाप्माखाम गढी क्षेत्रको फराकिलो विकासकार्यहरु गर्न थप निजी जग्गाहरु खरिद गर्न सके राम्रो हुने देखिन्छ ।

## ४.२ दुब्देङ भीर

दुब्देङ भीर मात्रै नभएर त्यो क्षेत्र नै ऐतिहासिक महत्वको देखिएको छ जसलाई नयाँ कलेवरमा ऐतिहासिक सम्पदामा परिणत गरेर सन्ततिलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । अध्येता चन्द्रकुमार राई (२०७८)ले पनि त्यस क्षेत्रलाई संरक्षण गरेर पर्यटकीय आकर्षणमा परिणत गर्न सकिने सम्भावना औंल्याएका छन् । यी सबैलाई मध्यनजर गर्दै दुब्देङ भीर क्षेत्रको संरक्षण, विकास र प्रवर्द्धनको केही योजना प्रस्ताव गरिएको छ-

एक, दुब्देङ ओडारमा प्रत्यक्षदर्शी स्थानीयहरुले बताएको चप्लेटी ढुंगामाथि दुब्देङको चिहान निर्माण गर्ने । जसमा चिल्लो बलियोखालको ढुंगालाई सुर्खी (सुर्की)ले जोडेर डेढ फिट उचाइको चिहान निर्माण गर्ने । यसरी निर्माण गर्दा छेउछाउका माटाका भाँडाका टुक्रा र कुनाका ढुंगाहरु कति पनि नचलगाउने बरु त्यसलाई संरक्षण गर्न ढुंगा र सुर्खी प्रयोग गरी सानो पर्खाल निर्माण गर्ने ।



बुँदा एक, दुई, तीनसँग सम्बन्धित

दुई, चिहानस्थलमा छेउछाउमा कतै उपयुक्त स्थानमा दुब्देङबारे प्राप्त जानकारीहरु समेटेर सानो चौतारो निर्माण गरी शिलालेख राख्ने ।

तीन, सुरक्षाका दृष्टिले खतरा हुने भएकोले तल्लोछेउपट्टि जान नमिल्ने गरी चिहानलाई अलि टाढाबाट हेर्न मात्र मिल्ने गरी ढुंगा र सुर्खी प्रयोग गरेर पर्खाल लगाउने ।

चार, पाण्डेको पाखाबारीबाट दुब्देङ ओडारमा झर्ने ढुंगाका सिँढीहरु निर्माण गर्ने । सुर्खी अनिवार्य प्रयोग गर्ने ।

पाँच, टुँडिखेल मैदानमा खेती गर्न छोडिएकोले हुन सक्छ, अहिले बाँझो रहेको छ। त्यो निजी जग्गालाई मुआब्जा दिएर अथवा दानका रुपमा लिएर टुँडिखेलकै रुपमा पुनःस्थापना गर्ने। त्यसका लागि 'खुल्ला सङ्ग्रहालय'को अवधारणाअनुसार इतिहासलाई भौतिकीकरण गर्ने, जसमा हातमा तरबार र काँधमा धनुकाँड भिरेर लडाइँ गर्न खोजेको देखिने दुब्देङको एउटा धातु या ढुंगाको मूर्ति स्थापना गर्ने। मैदानबाट ताराखेततिर धनुकाँड ताकिरहेका किराती युवाहरुको धातु या ढुंगाको मूर्ति स्थापना गर्ने। किरात राईहरुका युद्धजन्य हातहतियारहरुसम्बन्धी धातु या ढुंगाको रिलिफ आर्ट (relief art) स्थापना गर्ने र टुँडिखेललाई हतियार पार्कका रुपमा विकास गर्ने।

छ, दुब्देङहाङको घर त्यही टुँडिखेलकै कुनातिर थियो होला भन्ने अनुमान गरेर परम्परागत घुमाउने घरजस्तै घर निर्माण गर्ने, जसमा बान्तावा राईहरुको परम्परागत घरभित्र हुने चुला, पितृहरु पनि स्थापना गर्ने।



दुब्देङहाङको टुँडिखेलको चौर र पर मार्से खेत

सात, टुँडिखेल र दुब्देङ ओडारसम्मको जमिनलाई स्थानीय मुन्दुमी तथा सांस्कृतिक वनस्पतिहरु हुर्काएर आकर्षक बगैंचामा परिणत गर्ने।

आठ, टुँडिखेलबाट तेर्सो जाने अनि भीरको फेदबाट ठाडो उक्लिएर दुब्देङ ओडारसम्म पुग्न ढुंगा बिछ्याएर बाटो र सिँढी बनाउने।

नौ, मार्से खेत निजी भएकोले दानमा लिएर अथवा मुआब्जा दिएर माटाको भाँडा बनाउने कारखाना देखाउने गरी खेतको पुछारतिर धातु या ढुंगाको रिलिफ आर्ट निर्माण गर्ने । साथै खेतमा भेटिने माटाका भाँडाका टुक्राहरु संकलन गरेर सुरक्षित रुपमा प्रदर्शन गर्ने । भाँडा पार्क निर्माण गर्ने । 'खुल्ला सङ्ग्रहालय'को अवधारणाअनुसार माटोको भाँडासम्बन्धी धातु या ढुंगाको रिलिफ आर्ट (relief art) हरु स्थापना गर्ने ।

दश, ताराखेतमा एउटा स्थानमा तारा हान्नका लागि प्रयोग हुने ढुंगाको खम्बा अथवा सखुवा काठको खम्बा स्थापना गर्ने । खम्बा स्थापना गर्नका लागि एउटा चिटिक्कको दुब्देङहाङको स्मृतिमा चौतारो स्थापना गरी किरात लिपि र देवनागरी लिपिमा शिलालेख राख्ने । जग्गा दान अथवा मुआब्जामा लिने ।

एघार, यी सम्पदा संरक्षण गर्न संरक्षण समिति निर्माण गर्ने ।

*अध्याय ५*

# निचोड

## ५.१ पाप्माखाम गढी

स्थलगत अध्ययनबाट प्राप्त सूचनालाई विश्लेषणसमेत गरेपछि बुँदागत रुपमा निम्न निचोड प्रस्तुत गरिएको छ-

एक, पाप्माखाम नामकरणबारे दुईथरि मतहरु रहेका छन् तर सबैभन्दा प्रामाणिक आधार चाहिँ चिप्लेकिरालाई बान्तावा भाषामा भनिने पापाप्मा शब्दबाट अपभ्रंश भएर पाप्माखाम भएको नै सर्वथा तथ्यपूर्ण छ । अहिले पनि त्यस क्षेत्रमा वर्षायाममा प्रशस्त चिप्लेकिरा पाइने गरेको छ ।

दुई, पाप्माखामलाई आम रुपमा गढीका रुपमा बुझ्ने गरिएको छ । लिखित तथा मौखिक दुवै रुपमा पाप्माखामलाई गढी भन्ने गरिए पनि यो स्थानीय किराती शासकहरु बस्ने गढी नभएर सम्भवतः हतुवागढीको सुरक्षाका लागि स्थापना गरिएको किल्ला हो भन्न सकिने आधार धेरै रहेका छन् । खासगरीकन डाँडाको उच्च भागमा नभएर भञ्ज्याङमा हुनु, गढीको संरचना ज्यादै सानो हुनु, किरात राजाबारे कुनै सूचना प्राप्त नहुनु जस्ता केही आधारमा यसलाई किरात राजा बस्ने गढी नभएर सुरक्षाचौकी (किल्ला) मात्र हो भनिएको हो ।

तीन, पाप्माखाम गढीमा गढीका केही भग्नावशेष अझै पनि सुरक्षित रहेका छन् । गढीघर चारकुने थियो र चारकुने गढीघरछेउमा उत्तर र दक्षिणतर्फ दुईवटा ढुंगाका ससाना थुप्रो बाँकी रहेका छन् । त्यो ऐतिहासिक सम्पदा हो भन्ने आधार हो ।

चार, पाप्माखाम गढीमा पुरातात्विक उत्खनन गर्ने हो भने त्यहाँ घरको जग चाहिँ प्राप्त हुने प्रस्ट आधार छ । लगभग डेढ फिट उचाइका दुई थुप्रो ढुंगामा गारोको प्रस्टै अवशेष देखिन्छ ।

पाँच, पाप्माखाम गढीमा सेनापतिका रुपमा बदलसिं राय थिए कि भन्ने सम्भावनासम्म देखिन्छ । धनकुटा क्षेत्रमा प्रचलित उनीसम्बन्धी किंवदन्तीले उनी स्थानीय किरात राजा नभएर सेनापति थिए भन्ने प्रस्ट भएको हो ।

छ, पाप्माखाम क्षेत्रमा सुरक्षाचौकी स्थापना गर्दाका बखत सम्भवतः बान्तावा राईभित्रका लुहुन र सुच्चाहरु प्रभावशाली थिए कि भन्न सकिने अवस्था छ । किनभने, त्यस क्षेत्रमा सुच्चा पूजा गरिन्छ र पृथ्वीनारायण शाहले पाप्माखाम विजय गरेको ६० वर्षपछि नरसिं राईले प्राप्त गरेको लालमोहरले त्यो आधार दिएको छ ।

सात, पाप्माखाम क्षेत्र प्राचीनकालदेखि नै बस्ती थियो भन्ने आधार चाहिँ गोल्मा राजा र गोल्मा रानीसँग सम्बन्धित गोल्मे भीर र उनीहरुको मिथक प्रचलित छ । गोल्मा राजा र गोल्मा रानी दोलखा क्षेत्रका प्राचीन स्थानीय तामाङ राजा थिए भनिन्छ । उनैबाट विस्थापित भएकाहरुले आफूसँगै गोल्मा राजा र गोल्मा रानीको किंवदन्ती पनि हालको किरात प्रदेश र भोजपुर पाप्माखाम क्षेत्रसम्म फैलाए । अर्को आधार

भनेको पाप्माखाम क्षेत्रमा पुराना चिहानहरुमा पुलिक मालाहरु भेटिएका थिए जुन माला प्रागऐतिहासिक समयदेखि प्रयोग हुने गरेको देखिन्छ । पुलिकमाला प्रयोग गर्ने नागा किरात र काठमाडौंबाट विस्थापित भएका किरातीहरु संघर्ष र समिश्रण भएका थिए भन्ने कुरा पाप्माखाम क्षेत्रमा प्रचलित मौखिक परम्पराबाट पनि थाहा हुन्छ ।

## ५.२ दुब्देङ भीर

यो अध्ययनबाट प्राप्त निचोडलाई निम्न बुँदामा प्रस्तुत गरिएको छ-

एक, केही किंवदन्ती, केही स्थाननाम र हाल बान्तावा राईभित्र दुब्देङ वंश (पाछा) नै बन्नुले इतिहासमा कुनै बेला दुब्देङ प्रभावशाली व्यक्तित्व थिए तथा स्थानीय किरात शासक थिए भन्ने स्पष्ट हुन्छ ।


दुई, प्राप्त केही किंवदन्तीहरुलाई तुलनात्मक रुपमा हेर्दा दुब्देङहाङ कम्तीमा पनि ४०० वर्षअघिका स्थानीय किरात राजा थिए जो कि भन्ने आँकलन गरिएको छ ।

तीन, दुब्देङ भीर क्षेत्रमा अहिले कुनै बस्ती नभए पनि इतिहासमा कुनै बेला त्यो क्षेत्र गुल्जार थियो भन्ने देखिन्छ । खासगरीकन दुब्देङ भीरनजिकै रहेको मार्से खेतमा भेटिने रातो रंगका माटाका भाँडाका टुक्राहरु र दुब्देङ ओडारमा भेटिने कालो रंगका माटाका भाँडाका टुक्राहरु, त्यस्तै मार्से खेत र पाखाबारीमा मट्टिमालाहरु भेटिनुले त्यहाँ प्राचीन कालदेखि नै मानव बस्ती थियो भन्ने संकेत गर्दछ ।

चार, कृषि र शिकार त्यसबखतको प्रमुख जीविकोपार्जनको माध्यम थियो । किनभने, माटोको भाँडा कृषिजीवनमा प्रवेश गरेपछि सुरु भएको ज्ञान हो भने धनुकाँड शिकारी युगको हतियार हो ।

*परिशिष्ट १*

## अटल रायको नामबाट जारी ऐतिहासिक कागज



**लिप्यन्तरण :**


स्वस्ति श्रीराजाभारासामर्थ

श्रीअटलजीत राये जीव

आगे श्री कदुमाफुफुकै हरिबोद्या षेत तीस् मुरी बीर्ताकै दीहल है आपना बीर्ता जानी जोतहु जोतावहु परम सुष भोग्या करहु इती स्मवत् १८२६ साल माहा ७ रोज मोकाम डी(ङ्)लाकोट सुभम्

*(नोट : दिङ्लागढी गाउँपालिका, वडा नम्बर ७, साल्मा निवासी पदमबहादुर राई र जीवन राईको स्वामित्वमा रहेको छ)*

अटल रायको नामबाट जारी ऐतिहासिक कागज



**लिप्यन्तरण :**

स्वस्ति श्रीराजाभाराकसामर्थः

श्रीअटलजित राये जीव


स्वस्ति श्रीसाके १६९० श्रीसंवत् १८२५ मास फाल्गुन तद्दिने १० रोजः रयाल्या षेत बाधा असि मुरिको षेत सषा रुपया असि ८० नगदका जमान लाग्याका हः तस् वातका साछि श्री जित राया श्री प्रमानन्द राय श्री अमर्सिंह थापाका मार्फत् शुभं मुकाम लेगुवा

सही श्रीवाद रायेले लिया

*(नोट : दिङ्लागढी गाउँपालिका, वडा नम्बर ७ साल्मा निवासी पदमबहादुर राई र जीवन राईको स्वामित्वमा रहेको छ ।)*

*परिशिष्ट २*


## नर्सिं राई (कटुन्जे)का नाममा जारी लालमोहर


स्वस्तिश्रीमन्महाराजाधिराज कस्य रुक्का
आगे नर्सिं राईके सिकमेलका अम्वलमध्ये कयोज्या तेरा वावुवरायन्ले
षाई चर्चि आयाको किपट रहेछ ८४ साल जाच भादरियाको घर २० को
साउन्या फाग्ण भयो अघुताली पातको चाकचकुई भेडा भार अमालमा
तिर्न पर्न्या रकम् कलम मारि मेटि साल १ को रुपैया ८० ठेकबंदि लाल
मोहर गरिबक्स्यौ साल बसाल ठेकबमोजिम का रुपैया अमालीसग
दाषील गरि किपट जानि भोग गर ई ति सम्वत १८ ९४ साल मिती चै

स्रोत : भगिराज इङ्नाम, लिम्बुवानको ऐतिहासिक दस्तावेज संग्रह, २०७७।

*परिशिष्ट ३*

## पाप्माखाम गढी संरक्षणसँग सम्बन्धित केही कागजपत्र



द.नं. १०११/०५६

**श्री सुच्चा राई कल्याणकारी समाज**
धरान, सुनसरी
स्था : २०५६

प. सं.:- २२
च. नं.:- ०५६/०६६

मिति : ०५६/११/२२

श्री मान अध्यक्ष ज्यू
श्री सुच्चा राई कल्याणकारी समाज
कटुञ्जे-होस्तोक गा० ई० स०, भोजपुर

विषय, :- पाप्माखाम गडी संरक्षण तथा सम्वर्दन सम्बन्धी

उपरोक्त सम्बन्धमा श्री सुच्चा रा० क० स० को पहलमा आदिवासी तथा जनजाति उत्थान प्रतिष्ठान, नेपाल सरकार बाट ने. रु. १,५०,०००।- अक्षरेपी एक लाख पचास हजार पाप्माखाम गडीको संरक्षण तथा सम्वर्दन गर्ने को लागी स्विकृत भई आ.व.मा हाल श्री सु० रा० क० स० को खातामा पहिलो किस्ता वापत रु- ४०,०००।- अक्षरेपी चालिस हजार जम्मा भै सकेको छ बाँकी रकम रु- ६०,०००।- अक्षरेपी साठी हजार सो कामको प्रगती हेरी आवश्यकता अनुरुप निकासा हुने छ। तसर्थ पाप्माखाम गडीको संरक्षण तथा सम्वर्दन कमिटीको आवश्यकता भएको हुँदा सम्पुर्ण कटुञ्जे तथा होस्तोक गाउँ वासी साथै पाप्माखाम गडी वरपरको अरु इलाकाहरु लाई पनि समेटने गरी एउटा गाउँ भेला गराई पारदर्शी रुपमा सो कमिटीको गठन गर्ने तथा जनताको अभिप्रायले श्री सु० रा० क० स० जिल्ला समितीका प्रतिनिधी द्वय श्री ओकुमा राई र श्री किशोर राई गाउँ स्तरमा पठाएको यस पत्र द्वारा जानकारी गराउदछौं। वहाहरुको उपस्थितीमा सो गाउँ भेलाले छलफल गरी सोही बैठक बाट एक जना जिल्ला समितिका प्रतिनिधी रहने गरी र बाँकी ४ जना सदस्य गाउँ कै प्रतिनिधी छनौट गरी जम्मा ५ जना को सदस्य रहने पाप्माखाम गडी संरक्षण तथा सम्वर्द्धन कमिटी गठन गर्ने सहयोग गरी दिनु हुन सम्पुर्ण उपस्थित महानुभाव हरुलाई यो हाम्रो हार्दिक अनुरोध गर्दछ। साथै निम्न लिखित बुदाहरुमा पनि छलफल गरी सबैलाई जानकारी हुने हिसावले निर्णय गरी दिनु हुन अनुरोध गर्दछौं।

बुँदाहरु

१. पाप्माखाम गडी संरक्षण तथा सम्वर्दन कमिटी सदस्यहरुको भत्ता तथा भ्रमण खर्च तोक्ने।

दर्ता नं. : १०९९ ०५६

# श्री सुच्चा राई कल्याणकारी समाज

केन्द्रिय कार्यालय, ललितपुर

स्था.: २०५६

च. न. :

प. सं. :

मिति 2065/12/15

श्री सुच्चा राई कल्याणकारी समाज

गाउँ इकाई समिति कटुन्जे / होम्तोक

भोजपुर।

विषय :- मनोनित सदस्य चयन सम्बन्धमा।

उपरोक्त सम्बन्धमा केन्द्रिय कार्यलय ललितपुरमा बसेको बैठकको निर्णय अनुसार पारमार्खाम गर्दी ~~सर~~ संरक्षण निर्माण कमिटीमा महिला र ढिक्तेल जिल्ला क्षेत्रलाई समेटिने गरि निम्न व्यक्तिहरूलाई मनोनित सदस्यमा चयन गरि पठाएको छौं।

मनोनित सदस्य

क, लक्ष्मण बस्नेत (अधेरी)

ख, दुर्वशा राई (लामाक)

~~ग~~, माथि उल्लेखित मनोनित सदस्यहरूलाई बोलाई कमिटीमा समावेश गरिदिनु अनुरोध छ।

(signature)

अध्यक्ष

मे. इच्छा बहादुर राई

अध्यक्ष

द.नं. १०९१/०५६

# श्री सुच्चा राई कल्याणकारी समाज

धरान, सुनसरी

स्था : २०५६

प. सं.:- २२
च. नं.:- ०६५/०६६

मिति : ०६५।११।२२।

२, ठेक्का बोलपत्र आह्वानको पारदर्शिता बारे

३, गडीको भग्नावशेष रहेको सम्पुर्ण भु-भाग संरक्षण हुने गरी चार किल्लाको घेरा-बेरा पर्खाल कति अग्लो, कति अग्लो, तथा कति मोटो हुनु पर्ने भन्ने बारे

४, शिलालेख स्तम्भ खडा गर्ने बारे

५, गडीको संरक्षण तथा सम्वर्द्धनको क्रममा भै परी आएको कुनै पनि समस्या तथा अप्ठ्यारो परिस्थितीको समाधान कसरी गर्ने भन्ने बारे

<u>बोधार्थ</u>

१, श्री सु. रा. क. स. केन्द्रिय कार्यालय, ललितपुर

२, श्री सु. रा. क. स. को सम्पुर्ण जिल्ला तथा गाउ इकाई समितीहरु

८

उपाध्यक्ष
श्री सु. रा. क. स
धरान सुनसरी

दर्ता नं. : १०९९ ०५६

# श्री सुच्चा राई कल्याणकारी समाज

स्था.: २०५६

इकाई कमिटी, कुरुवा/होम्तोङ ।

च. न. : ४

प. सं. : ०६५२।०६६

मिति २०६६।२।१८

श्रीमान् अध्यक्ष ज्यू,
श्री सुच्चाराई कल्याणकारी समाज,
जिल्ला कमीटी, धरान सुनसरि ।

विषय :- ऐतिहासिक पाल्मावाम गडी संरक्षणको लागि रकम बुझि गर्नेई गरेको बारे ।

महोदय,
उपर्युक्त सम्बन्धमा सुच्चाराई कल्याणकारी समाजको पहलमा ऐतिहासिक पाल्मावाम गडी संरक्षण गर्नेको लागि इकाई कमिटी कुरुवाका कोषाध्यक्ष श्री ह्याङ बहादुर राईले सु० ५० स० धरानका श्री किशोर राईबाट रु. ५०,०००।- अक्षेरी पचास हजार मात्र बुझि लिएको व्यहोरा अनुरोध गर्दै गडी संरक्षणको ८५% कार्य सम्पन्न भइसकेको जानाकारी यसै पत्रद्वारा अवगत गराईएको समेत अनुरोध छ।

| | | |
|---|---|---|
| (ह्याङ ब० राई) | (मानिठरि राई) | (हिमाल राई) |
| कोषाध्यक्ष | अध्यक्ष | सचिव |

दर्ता नं. : १०९९ ०५६

# श्री सुच्चा राई कल्याणकारी समाज

केन्द्रिय कार्यालय, ललितपुर
स्था. : २०५६

च. न. : २३
प. सं. : ०६८/०६९

मिति २०६९-१-२-

श्री मान अध्यक्ष ज्यू
गाउँ इकाई समिति कटुञ्जे/होम्ताङ
भोजपुर

विषय: ऐतिहासिक पाप्माखाम गर्दा संरक्षण का लागि रकम पठाई-एको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा श्री सुच्चा राई कल्याणकारी समाज को पहलबाट ऐतिहासीक पाप्माखाम गर्दी संरक्षण गर्नलाई गाउँ बाट निर्माणकमिटी-को सदस्य श्री अर्जुन राई लाई रु-६०,०००।- अक्षरेपी साठी हजार मात्र र आउने जाने खर्च बापत रु-१५००।- पन्ध्र सय गरी जम्मा ६१५००।- एकसट्ठी हजार पाच सय रुपैंया। पठाएको व्यहोरा जानकारी गर्दै पत्र द्वारा जानकारी गराउदछौं। नोट काम गरिएको प्रोजेक्ट। रिपोर्ट जोडन पहिलो दफा र तेस्रो दफा भित्र मा सम्किने गरी काम सुचारु गर्नु पर्ने जानकारी गराउछौं।

निर्माण कमिटी सदस्य
श्री अर्जुन राई

अध्यक्ष
श्री इच्छा ब० राई
श्री सु०रा०क०स

द.नं. १०९९/०५६

# श्री सुच्चा राई कल्याणकारी समाज

धरान, सुनसरी

स्था : २०५६

प. सं.:- २५

च. नं.:- ०६५/०६६

मिति : ०६६।२।१।

श्रीमान अध्यक्ष ज्यू

गाउ विकास समिति कुदुर्के होम्तोक

भोजपुर

विषय :- ऐतिहासिक चाम्लाखाम गढी संरक्षण का लागि रकम पठाइएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा श्री सुच्चा राई कल्याणकारी समाजको पहलबाट ऐतिहासिक चाम्लाखाम गढी संरक्षण गर्न का निमित्त सुनसरी जिल्ला कमिटीका सल्लाहकार सदस्य श्री किसोर राई लाई रु-५०,०००/- अक्षरेपी पचास हजार मात्र पठाएको जानकारी गराउदै सुरु भएको काम अलपत्र छ। अहिले सम्म कुनै त्यहा निर्माण कमिटी लाई धन्यवाद दिन बाँकी रहेको। रकम रिपोर्ट तयार गर्न लाई के कति खर्च लाग्छ भन्ने थाहा भएन त्यहाँबाट आउन बाँकी रहेको। एकहप्ता पछि श्री सुच्चा राई कल्याणकारी समाजका ~~अध्यक्ष~~ गाउ विकास समिति का अध्यक्ष लाई हस्तान्तरण गर्ने भनी यही पत्र द्वारा जानकारी गराउदछौं ।

अध्यक्ष

श्री ईन्द्रा का. राई

श्री सु. रा. क. स.

धरान सुनसरी

## शीलालेखको लागि

यस ऐतिहासिक पाल्माखाम गढिको संरक्षण श्री सुच्या राई कल्याणकारी समाजको संयोजनमा यस क्षेत्रका स्थानीय जनसमुदायको सहयोग र आदिवासी तथा जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा ~~सम्पन्न भइसकेको छ~~ मिति 20 ______________ मा सम्पन्न गरिएको छ।

६३।१।३

## सन्दर्भसामग्री


आचार्य, बाबुराम (वि.सं. २०६१). **श्री ५ बडामाहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**. साझा प्रकाशन ।

इङ्नाम, भगिराज (वि.सं. २०७७). **लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह**. अतीत इङ्नाम/शान्तकला मुदेनसङ साँवा ।

चाम्लिङ, भोगीराज र राई, तारामणि (वि.सं. २०७४). **किरात क्षेत्रका गढी**. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

चाम्लिङ, भोगीराज (वि.सं. २०७६). **माझकिरातका दुर्लभ कागजात**. कान्तिपुर कोसेली (चैत्र ८) ।

चाम्लिङ, भोगीराज (वि.सं. २०७९). **होलैसुङ र हलेसी गढी**. हलेसी गढी संरक्षण कार्यदल, हलेसी तुवाचुङ नगरपालिका ।

दङ्सुपेरे, जगतमान (वि.सं. २०७३). **थामी पुर्खाको नालिबेली**. थाङ्मी आवाज (पाँचौं राष्ट्रिय माहधिवेशनको अवसरमा प्रकाशित). नेपाल थामी समाज, केन्द्रीय कार्यसमिति ।

थामी, धनबहादुर जाइदाने (सं.) (वि.सं. २०५४). **नान नी पाटुको**. निको प्रगतिशील थामी समाज, केन्द्रीय कार्यसमिति ।

थामी, मेघराज (वि.सं. २०५६). **थामी जाति : प्रमाण र अनुमानको कसौटीमा**. दोलखारेङ (अंक १, प्रवेशाङ्क). थामी भाषा तथा संस्कृति उत्थान केन्द्र, नेपाल, झापा ।

माबुहाङ, अर्जुन र तुङ्घङ, भरत (वि.सं. २०७०). **हज्शन पाण्डुलिपिमा गोर्खा-खम्बुवान-लिम्बुवान युद्ध**. विश्व याक्थुङ मुन्धुम समाज ।

राई, कमलजंग (वि.सं. २०७४). **भोजपुरका गढीहरु**. सम्पादकद्वय भोगीराज चाम्लिङ र तारामणि राई. *किरात क्षेत्रका गढी.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, कुमार र राई, नवीन (वि.सं. २०६८). **श्री सुच्चा वंशावली**. श्री सुच्चा राई कल्याणकारी समाज ।

राई 'हतुवाली', चन्द्रकुमार (वि.सं. २०७८). **रामप्रसाद राई गाउँपालिकाको स्थाननाम अध्ययन प्रतिवेदन**. रामप्रसादराई गाउँपालिका, भोजपुरमा प्रस्तुत अनुसन्धान प्रतिवेदन ।

राई 'हतुवाली', चन्द्रकुमार (वि.सं. २०७८). **आमचोक गाउँपालिकाका स्थाननाम अध्ययन प्रतिवेदन**. आमचोक गाउँपालिका, भोजपुरमा प्रस्तुत अनुसन्धान प्रतिवेदन ।

Blackburn, Stuart (2003/2004), **Memories of Migration: Notes on legends and beads in Arunachal Pradesh, India**, EBHR: European Bulletin of Himalayan Research, 25/26, Autumn 2003-Spring 2004.

Lal, B.B. (1954-1955). **Excavation at Hastinapur Other Explorations in the Upper Ganga and Sutlej Basins 1950-1952**. Ancient India (No. 10 & 11). Directo General of Archaeology in India.

### कुराकानी (दुब्देङ भीर)

ईश्वरमाया राई (चाम्लिङ, लाफेछा). जन्म १९८१. कुराकानी २०७९.११.१७. रामप्रसाद राई गाउँपालिका, वडा नं. ३ माटिकोरे, भोजपुर ।

चन्द्र चाम्लिङ (दुङ्भोछा). जन्म २०३१. कुराकानी : २०७९.११.१७. रामप्रसाद राई गाउँपालिका, वडा नं. ३ माटिकोरे, भोजपुर ।

डिकमान राई. जन्म २०१९.११.१७. कुराकानी : २०७९.११.१७. रामप्रसाद राई गाउँपालिका, वडा नं. ३ माटिकोरे, भोजपुर ।

### कुराकानी (पाप्माखाम गढी)

जितपाल किरात. जन्म : २०१० माघ ३. कुराकानी : २०८०.१.१०. ललितपुर ।

ध्यान राई. कुराकानी २०७९.११.१८. रामप्रसाद राई गाउँपालिका, वडा नं. ..., बतासे, कटुन्जे, भोजपुर ।

माया दर्जी. उमेर ६५ वर्ष. कुराकानी २०७९.११.१६. रामप्रसाद राई गाउँपालिका, वडा नं. ..., पाप्माखाम गढी, भोजपुर ।

मालिकसिंह राई. जन्म २०१४. कुराकानी २०७९.११.१६. रामप्रसाद राई गाउँपालिका, वडा नं. ६, होम्तोक, भोजपुर ।

बाजेन्द्र राई. जन्म २०२७. कुराकानी : २०७९.११.१६. रामप्रसाद राई गाउँपालिका, वडा नं. ..., कटुन्जे, भोजपुर ।

बुद्धिराज राई. जन्म २००५. कुराकानी २०७९.११.१८. रामप्रसाद राई गाउँपालिका, वडा नं. ..., लगलङ्पा, भोजपुर ।

हिमाल राई. जन्म २०१६. कुराकानी २०७९.११.१८.रामप्रसाद राई गाउँपालिका, वडा नं. ..., लामाक, कटुन्जे, भोजपुर ।

हिमालधन राई. जन्म : २०११ माघ १५. रामप्रसाद राई गाउँपालिका, वडा नं. ६, होम्तोक, भोजपुर. कुराकानी : २०८०.१.७. कुराकानी स्थान : ग्वार्को, ललितपुर.